# निरन्तर
# नेपाली व्याकरण र रचना

कक्षा ३

लेखक तथा सम्पादक
डा. भूपहरि पौडेल

निरन्तर प्रकाशन
पुतलीसडक, काठमाडौँ-२९, नेपाल ।
फोनः ०१-४५४६३८४

नाम :........................................................................................

कक्षा :.............................................. रोल नं. .................................

सेक्सन :........................................... विषय :..................................

विद्यालयको नाम :...........................................................................


| | | |
|---|---|---|
| पुस्तक | : | निरन्तर नेपाली व्याकरण र रचना (कक्षा–३) |
| लेखक/सम्पादक | : | डा. भूपहरि पौडेल |
| प्रथम संस्करण | : | २०७६, वैशाख |
| द्वितीय संस्करण | : | २०७७, वैशाख |
| तृतीय संस्करण | : | २०७८, वैशाख (पूर्ण परिमार्जित) |
| चतुर्थ संस्करण | : | २०८०, वैशाख |
| सर्वाधिकार | : | © प्रकाशकमा |
| प्रकाशक | : | निरन्तर प्रकाशन |
| | | काठमाडौँ, नेपाल |
| | | फोन नं. ०१–४५४६३८४ |
| मूल्य | : | २३८/– |

छपाइ नेपालमा ।

# भूमिका

भाषाको प्रयोग मानव समाजमा दैनिक व्यावहारिक प्रयोजनका निमित्त गरिन्छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको विकास गर्नु भाषा सिकाइको प्रमुख सक्षमता हो । भाषाका यिनै चार सिप विकास गर्न विभिन्न कक्षाका व्याकरण निर्माण गरिएका छन् । यसरी निर्माण गरिएका व्याकरणहरू व्यावहारिकभन्दा पनि सैद्धान्तिक पद्धतिका रहेका पाइन्छन् । विद्यार्थीहरूले सैद्धान्तिक प्रकृतिका व्याकरणका पठनपाठनबाट भाषाका नियम जानेका हुन्छन् तर भाषा प्रयोगमा कठिनाइ महसुस पनि गरेका छन् । भाषा सिकाइमा रहेका विभिन्न कठिनाइहरूलाई सुधार गर्ने उद्देश्यले प्रस्तुत व्याकरण शृङ्खला लेखिएको हो । विद्यार्थीहरूलाई यस पुस्तकबाट व्याकरण शिक्षण गराउँदा घोक्न नलगाई उनीहरूकै परिवेश एवम् चित्रका माध्यमबाट सिकाउने प्रयास गरिएको छ । भाषा व्याकरण भनेको सिद्धान्तको व्याख्या र इतिहासको वर्णनमा भन्दा व्यावहारिक प्रयोग र अभ्यासमा केन्द्रित हुने पक्ष हुन् । यिनीहरूको व्यावहारिक प्रयोगका लागि भाषिक सीपहरूको प्रयोग हुनु जरुरी छ । अतः भाषा व्याकरणका यस्ता पाठ्य तथा अभ्यासपरक सामग्रीले अभ्यासात्मक पक्ष र गतिविधिमा जोड दिनु स्वाभाविक भएकाले यस्तै अभ्यासपरक सामग्री तथा आगमनात्मक विधिले पाठ्यपुस्तकमा प्राथमिकता पाएका छन् ।

प्रस्तुत पुस्तक निरन्तर नेपाली व्याकरण र रचना कक्षा–३ शिक्षक मित्रहरूको अभिप्रेरणाबाट विद्यार्थीहरूका लागि लेखिएको हो । पुस्तक प्रकाशक, वितरक निरन्तर प्रकाशनका सारथीद्वय रामहरि खड्का र पूर्ण बस्नेतमा हामी हार्दिक कृतज्ञता गर्दछु ।

अन्तमा, यस पुस्तकलाई आधिकारिक तथा त्रुटिरहित बनाउन सक्दो प्रयास गरिएको छ । तैपनि कतै त्रुटि रहन गएका हुन पनि सक्छन् त्यसका लागि विज्ञ शिक्षक मित्रहरूबाट सकारात्मक सुझावको अपेक्षा गर्दछौँ ।

– लेखक तथा सम्पादक

# विषयसूची


| | | |
|---|---|---|
| एकाइ १ | आधा अक्षर | ५ |
| एकाइ २ | मात्रा | ७ |
| एकाइ ३ | लेख्य चिह्न | १७ |
| एकाइ ४ | नाम | २२ |
| एकाइ ५ | सर्वनाम | ३१ |
| एकाइ ६ | विशेषण | ४३ |
| एकाइ ७ | क्रियापद | ५२ |
| एकाइ ८ | लिङ्ग | ५९ |
| एकाइ ९ | वचन | ६८ |
| एकाइ १० | पुरुष | ७६ |
| एकाइ ११ | अव्यय | ८१ |
| एकाइ १२ | करण र अकरण | ९४ |
| एकाइ १३ | काल र पक्ष | ९९ |
| एकाइ १४ | आदरार्थी | १०८ |
| एकाइ १५ | विभक्ति | ११२ |
| एकाइ १६ | वाक्य | ११५ |
| एकाइ १७ | पदमेल | ११९ |
| एकाइ १८ | शब्दभण्डार | १२३ |
| एकाइ १९ | गाउँखाने कथा | १३९ |
| एकाइ २० | बोध तथा अभिव्यक्ति | १४२ |

एकाइ १

# आधा अक्षर

१. **तल दिएका अक्षरहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :**

| | |
|---|---|
| कृ = क् + ऋ | क्र = क् + र |
| तृ = त् + ऋ | ङ्ग = ङ् + ग |
| क्त = क् + त | द्य = द् + य |
| त्र = त् + र | ट्ट = ट् + ट |
| ह्र = ह् + र | दृ = द् + ऋ |
| ज्य = ज् + य | श्र = श् + र |
| ध्य = ध् + य | त्त = त् + त |

*माथिको अक्षर सामान्य जानकारीका लागि मात्र हो ।*

२. **आधा अक्षर लागेका शब्दहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :**

क्रिया : ____________ कृपा : ____________

वक्ता : ____________ कृष्ण : ____________

सूक्ति : ____________ घट्ट : ____________

गद्य : ____________ बट्टा : ____________

खुट्टा : ____________ पद्य : ____________

| | | | |
|---|---|---|---|
| गद्य | : ______ | पत्र | : ______ |
| बद्ध | : ______ | चित्र | : ______ |
| द्वन्द्व | : ______ | शुद्ध | : ______ |
| साध्य | : ______ | माध्यम | : ______ |
| ह्रास | : ______ | तेह्र | : ______ |
| श्रव्य | : ______ | श्रोता | : ______ |

**३. आधा अक्षर लागेका दशओटा शब्द लेख्नुहोस् :**

______ ______

______ ______

______ ______

______ ______

______ ______

______ ______

______ ______

एकाइ २

# मात्रा

१. तल दिइएका चित्र हेर र पढ :



शिखर



शिव



शिक्षक




विमान



नानी



पाथी




शरीर



सीता



ढुकुर



चुरा




बाँसुरी



आलु



ठूली



फूल



सूर्य

व्यञ्जन वर्णमा जोडिन आउने स्वर वर्णको रूप ( ि, ी, ु, ू ) लाई मात्रा भनिन्छ ।

ि र ु चिह्न ह्रस्व मात्रा हुन् । ी र ू चिह्न दीर्घ मात्रा हुन् ।

## २. शब्द पढ्नुहोस् अनि बुझ्नुहोस् :

### ह्रस्व इकार लागेका केही शब्दहरू

| सुरुमा ह्रस्व | बिचमा ह्रस्व | अन्त्यमा ह्रस्व |
|---|---|---|
| निरास, गिलास, किसान, किरण, इनाम, नीति, चिउरा, विज्ञान, चिनी, भिनाजु, हिमाल, पिङ, गिदी, टिकट, चिउँडो । | गहिरो, पहिरो, बाहिर, पसिना, गरिब, सालिक, हरियो, मानिस, भरिया, हँसिया, सुविधा, अहिले, जटिल, कहिले, जमिन, गहिरो । | पछाडि, अगाडि, सारथि, कवि, भाइ, अस्ति, शान्ति, रवि, नाति, शक्ति, कृषि, ऋषि, निम्ति, वारि, वरिपरि, प्रकृति, स्तुति । |

### ह्रस्व उकार लागेका केही शब्दहरू

| सुरुमा ह्रस्व | बिचमा ह्रस्व | अन्त्यमा ह्रस्व |
|---|---|---|
| उकालो, उखु, चुरा, कुना, कुमारी, मुगा, गुरु, छुरा, उत्तर, बुद्धि, दुनो, चुच्चो, खुट्टा, मुहार, गुच्चा । | कछुवा, अदुवा, कानुन, हजुर, पटुका, जुलुस, टिमुर, माकुरो, बकुल्लो, खुकुरी, गरुड, गजुर, बाटुलो, डुलुवा, तरुल, सुकुल, कसुर, मधुर, अगुल्टो, ढुकुर । | जेठाजु, साधु, बाबु, मासु, गाउँ, मुटु, गोरु, चक्कु, हिँड्नु, घरेलु, दाजु, आँसु, घिउ, पुलाउ । |

## ह्रस्व उकार लागेका केही शब्दहरू

| सुरुमा ह्रस्व | बिचमा ह्रस्व | अन्त्यमा ह्रस्व |
|---|---|---|
| उकालो, उखु, चुरा, कुना, कुमारी, मुगा, गुरु, छुरा, उत्तर, बुद्धि, दुनो, चुच्चो, खुट्टा, मुहार, गुच्चा । | कछुवा, अदुवा, कानुन, हजुर, पटुका, जुलुस, टिमुर, माकुरो, बकुल्लो, खुकुरी, गरुड, गजुर, बाटुलो, डुलुवा, तरुल, सुकुल, कसुर, मधुर, अगुल्टो, ढुकुर । | जेठाजु, साधु, बाबु, मासु, गाउँ, मुटु, गोरु, चक्कु, हिड्नु, घरेलु, दाजु, आँसु, घिउ, पुलाउ । |

## ह्रस्व इकार र उकारका केही नियमहरू

- भाले नाम अथवा पुलिङ्ग बुझाउने शब्दको अन्त्यमा इकार तथा उकार ह्रस्व लेखिन्छ । जस्तै : दाजु, दाइ, भाइ, भिनाजु, नाति, ज्वाइँ, पति आदि ।
- ज्यान नभएका निर्जीव वस्तु बुझाउने शब्दको अन्त्यमा उकार ह्रस्व लेखिन्छ । जस्तै : तराजु, मासु, उखु, आलु, आँसु, डाडु आदि ।
- अव्यय बुझाउने शब्दको अन्त्यमा ह्रस्व लेखिन्छ । जस्तै : मुनि, अगाडि, पछाडि, देखि, पट्टि, माथि आदि ।
- सर्वनामबाट बनेका शब्दको अन्त्यमा 'ति' ह्रस्व लेखिन्छ । जस्तै : कति, जति, यति, उति आदि ।

## दीर्घ ( ी ) इकार लागेका केही शब्दहरू

| सुरुमा दीर्घ | बिचमा दीर्घ | अन्त्यमा दीर्घ |
|---|---|---|
| ईश्वर, ईख, शीतल, शीत, तीर्थ, दीप, जीवन, तीज, दीन, तीर, धीर, पीतल, टीका, जीवाणु, दीक्षा, जीव, ग्रीक, बीज, पीपल । | प्राचीन, द्वितीय, केन्द्रीय, नवीन, परीक्षा, प्रतीक, प्रवीण, स्वर्गीय, परीक्षा, उत्तीर्ण, शरीर, सङ्गीत, तृतीय, अतीत,सङ्गीत । | पानी, साथी, बारी, हामी, काकी, छोरी, जोगी, टोपी, विद्यार्थी, घडी, जन्ती, खिचडी, दिदी, बहिनी, कागती, खुसी, गर्मी, गोही, चिनी, बारी, हात्ती । |

## दीर्घ ( ू ) उकार लागेका केही शब्दहरू

| सुरुमा दीर्घ | बिचमा दीर्घ | अन्त्यमा दीर्घ |
|---|---|---|
| मूर्ति, ऊन, ऊर्जा, भूत, भूमिका, भूमि, मूल्य, भूकम्प, सूर्य, ऊँट, दूत, शून्य, धूप, पूजा, भूक्षय, पूर्व, मूर्ख, सूचना, फूर्ति, रूप, पूर्णाङ्क, धूर्त, दूरी, पूर्ण । | अपूर्ण, सम्पूर्ण, प्रदूषण, शार्दूल, समूह, त्रिशूल, प्रतिकूल, मुहूर्त, देवदूत । | आफू, भाउजू, माइजू, सासू, फुपू, दिज्यू, बधू, हरू, ज्यू । |

### दीर्घ ईकार र उकारसम्बन्धी केही नियमहरू :

- पोथी नाम अथवा स्त्रीलिङ्ग बुझाउने शब्दका अन्त्यको ईकार तथा ऊकार दीर्घ लेखिन्छ । जस्तै : श्रीमती, कुमारी, नानी, बुढी, गाई, बेहुली, भाउजू, सासू आदि ।
- ज्यान नभएका वस्तु बुझाउने शब्दका अन्त्यको ईकार दीर्घ

लेखिन्छ । जस्तै : कापी, टोपी, पानी, थाली, कुर्सी, ठेकी, मसी, ढिकी आदि ।

- विशेषण शब्दको अन्त्यको ईकार दीर्घ लेखिन्छ । जस्तै : ज्ञानी, बाठी, धनी, ठुली, सानी, जाती, सुन्दरी, राम्री, काली, सेती आदि ।
- पेसा बुझाउने शब्दका अन्त्यको ईकार दीर्घ लेखिन्छ । जस्तै : खेती, व्यापारी, नोकरी, पुजारी, मास्टरी, डकर्मी, सिपाही आदि ।
- सर्वनाम बुझाउने शब्दका अन्तिमको अक्षर दीर्घ लेखिन्छ । जस्तै : ऊ, उनी, हामी, यिनी, कोही, आफू, यी, तिनी आदि ।
- जात अथवा थर बुझाउने शब्दका अन्तिमको अक्षर दीर्घ लेखिन्छ । जस्तै : छेत्री, जोशी, मैनाली, अधिकारी, पराजुली, क्षत्री आदि ।

## ३. ब र व को प्रयोग :

### 'ब' को प्रयोग हुने केही शब्दहरू

| | | | | | |
|---|---|---|---|---|---|
| बुवा | बिजोर | बल | बिल | बदनाम | बकुल्लो |
| चौबन्दी | बाँसुरी | बहादुर | बाघ | बाकस | बनेपा |
| जब | बम | बिहान | बन्दुक | बस | बाजे |
| बत्ती | बेल | बाठो | बाटो | बस्नेत | बाँच्नु |

### 'व' को प्रयोग हुने केही शब्दहरू

| | | | | | |
|---|---|---|---|---|---|
| वकिल | रसुवा | जुवा | वास्ता | वारि | हलुवा |
| पुवा | चितुवा | वाल्ल | हरूवा | विदेश | वकालत |
| पालुवा | देव | देवता | जनावर | वजन | शव |
| कुवा | वातावरण | अशुभ | हावा | विचार | देव |

## ४. श, ष, स को प्रयोग :

### 'श' को प्रयोग हुने केही शब्दहरू

| | | | | | |
|---|---|---|---|---|---|
| शासन | शेष | विशेष | शिशु | अशिक्षित | शास्त्र |
| आवेश | गणेश | यश | शरण | शब्द | शक्ति |
| आशीर्वाद | शिशु | शशी | शैशव | शिव | शिक्षक |
| शङ्कर | शम्भू | आवेश | अशुभ | शोक | अंश |

### 'ष' को प्रयोग हुने केही शब्दहरू

| | | | | | |
|---|---|---|---|---|---|
| शेष | आषाढ | उषा | कृषक | पाषण | अभिषेक |
| हर्ष | वर्षा | पौष | पुरुष | भाषण | शोषण |
| विशेषण | वर्षा | पौष | हर्ष | विष | विषय |
| कोष | विषम | घोषणा | सङ्घर्ष | भाषण | षडयन्त्र |

### 'स' को प्रयोग हुने केही शब्दहरू

| | | | | | |
|---|---|---|---|---|---|
| सुगा | सपना | असोज | सहर | ससुरा | सलाम |
| संसार | सुमार्ग | सरिता | सरकार | सफल | सङ्गीत |
| सम्मान | सूचना | सत्कार्य | सद्भावना | मुसो | आँसु |
| सँग | कोसिस | समय | सुर्ती | समाज | सुन |

## ५. य र ए को प्रयोग :

### 'य' को प्रयोग हुने केही शब्दहरू

| | | | | | |
|---|---|---|---|---|---|
| यहाँ | यो | यति | यिनी | यज्ञ | यात्रा |

| | | | | | |
|---|---|---|---|---|---|
| योग | डायरी | युगल | होसियार | सहरिया | सुखदायी |
| मध्य | यसलाई | भरिया | त्यहाँ | गायब | आयो |
| याचना | वाक्य | अध्ययन | युवक | जय | क्रिया |

## 'ए' को प्रयोग हुने केही शब्दहरू

| | | | | | |
|---|---|---|---|---|---|
| एउटा | ऐन | आएछ | गएछ | पाएको | खाएको |
| एकाउन्न | पाएको | एघार | खाए | गएन | पिएन |
| खाएस् | एकता | ऐना | भएँ | लिएँ | एम्बुलेन्स |
| एघार | एकल | गएस् | एकाह | ऐले | ऐजेरु |

## ६. शिरबिन्दु ( ं ) र चन्द्रबिन्दु ( ँ ) को प्रयोग :

### शिरबिन्दु ( ं ) को प्रयोग हुने केही शब्दहरू

| | | | | | |
|---|---|---|---|---|---|
| संसार | संवाद | संस्कार | कंश | वंश | हंश |
| संयम | अंश | सिंह | संरचना | संहार | संरक्षण |
| संवत् | संसद | सिंह | संस्कृति | प्रशंसा | संज्ञा |

### चन्द्रबिन्दु प्रयोग भएका केही शब्दहरू

| | | | | | |
|---|---|---|---|---|---|
| आँसु | घाँस | आँधी | ठाउँ | गाउँ | रूपैयाँ |
| चँदुवा | धनियाँ | बाँके | उपियाँ | गाउँछौं | पाउँदा |
| उहाँ | जहाँ | आँप | साँचो | उँट | भुँडी |
| घुँडा | अँध्यारो | चाँदी | कुँजी | दायाँ | तँ |
| जुँगा | नयाँ | बाँस | गँगटो | भुँडी | साँध |

##  अभ्यास

**१. तल दिएका शब्दहरू चिनी तालिकामा भर्नुहोस् :**

नाति, जटिल, पीपल, जन्ती, मुनि, नवीन, विज्ञान, कीट, तृतीय, परीक्षा, खालि, लागि, प्राचीन, जेठानी, यति, एकीकरण, अधीन, समीप, अघि, भिनाजु, बाहिर, सजिलो, दीक्षा, हतियार, शीत

| ह्रस्व इकार ( ि ) लागेका शब्द | दीर्घ ईकार ( ी ) लागेको शब्द |
|---|---|
| ________ ________ | ________ ________ |
| ________ ________ | ________ ________ |
| ________ ________ | ________ ________ |
| ________ ________ | ________ ________ |

**२. तलका शब्दहरू चिनी तालिकामा भर्नुहोस् :**

दुःखी, समूह, मूल्य, नुनिलो, उडुवा, भूमि, सूक्ष्म, गुरु, आलु, आँसु, कपुर, सुकुल, बटुको, सपूत, चक्कु, पूजा, घरेलु, भूमि, बाबु, ससुरो, अपूर्ण, आफू, जानु, छानु, सुपुत्र, माइजू, युवती

| ह्रस्व इकार ( ु ) लागेका शब्द | दीर्घ ईकार ( ू ) लागेको शब्द |
|---|---|
| ________ ________ | ________ ________ |
| ________ ________ | ________ ________ |

| ____ ____ | ____ ____ |
|---|---|
| ____ ____ | ____ ____ |

३. **तल दिएका शब्दहरूमध्ये मिल्ने शब्द सार्नुहोस् :**

(क) सरिर, शरीर, सरीर ____________

(ख) विद्यार्थी, बीद्यार्थी, बिद्यार्थि ____________

(ग) पुजारि, पूजारी, पुजारी ____________

(घ) तिमी तिमि, तीमी ____________

(ङ) नातीनि, नातिनी, नातीनी ____________

(च) बीहान, बिहान, विहान ____________

(छ) त्रिसुल, त्रीशुल, त्रिशूल ____________

(ज) गरिब, गरीव, गरीब ____________

४. **तल दिएका शब्दहरू चिनी तालिकामा भर्नुहोस् :**

पानी, मालिक, तिमी, गाई, सासु, हामी, आफू, माइजू, बहिनी, भाइ, बाबु, तपाईँ, पुतली, जीवन, छोरी, अनि, गाउँ, सजाय, सूचना, शिखर, देस, यिनी, अधिकारी, पराजुली, संवाद, एकता

| ह्रस्व उकार लागेका | दीर्घ ऊकार लागेका |
|---|---|
| ____ | ____ |
| ____ | ____ |
| ____ | ____ |
| ____ | ____ |

५. तलका अनुच्छेदमा आएका अशुद्ध वाक्यलाई शुद्ध गरी सार्नुहोस् :



आङसान सुकीले श्रीमान्का साथमा नेपाल, भुटान, जापान र भारतको हीमाली क्षेत्रको भ्रमण गरिन्। उनले त्यहाँको भौगोलिक, सामाजीक र राजनीतिक अवस्थाको अनुभव पनि हासिल गरिन्। उनको भ्रमणको प्रमूख उद्देश्य भने बौद्ध संस्कृती र धर्मका बारेमा बीशेष ज्ञान हासील गर्नू थीयो। यस सीलसीलामा श्रिमान् र छोरालाई साथमा लीइ ऊनी केहि समय म्यानमाररमा रहिन्। आमा दा खिन की पनी सन् १९६७ पछी आफ्नै घरमा थीइन्। सुकीले त्यस बेला सैनीक सरकारसँग रुष्ट व्यक्ती, राजनितीज्ञ सेवाबाट बर्खाशित अधीकारि र म्यानमार स्थित वीदेशी कुटनितीज्ञसँग भेटघाट गरीन्। भेटघाटका क्रममा उनले देसको राजनितिक वीषयमा कुराकानि गरीन्।

एकाइ ३

# लेख्य चिह्न

१. तल दिएका वाक्य पढ्नुहोस् अनि बुझ्नुहोस् :



मेरो नाम लखन हो ।




मेरो झोलामा नेपाली, गणित र विज्ञानका किताब छन् ।



हरि कता जाँदै छ ?



आहा ! कति राम्रो कलम ।



गुरुले भन्नुभयो, ‘‘तिमीले पढ्नुपर्छ ।’’



भाइ के लेख्दै छ ?

लेख्दा प्रयोग गरिने पूर्णविराम ( । ), अल्पविराम ( , ), प्रश्न चिह्न ( ? ), उद्गार चिह्न ( ! ), उद्धरण चिह्न ( " " ) लाई लेख्य चिह्न भनिन्छ ।

## २. लेख्य चिह्नका प्रकार

### (क) पूर्णविराम चिह्न ( । )

म विद्यालय जान्छु ।

आज पानी पऱ्यो ।

बुवा बजार जानुहुन्छ ।

उनीहरू खेल्दै छन् ।

वाक्य पूरा भएको बुझाउन प्रयोग गरिने चिह्नलाई पूर्णविराम ( । ) चिह्न भनिन्छ ।

### (ख) प्रश्न चिह्न ( ? )

तिमी के खाँदै छौ ?

तिम्रो नाम के हो ?

तिमी कहाँ बस्छौ ?

घरभित्र को को छन् ?

प्रश्न गरेको बुझाउन प्रयोग गरिने चिह्नलाई प्रश्न चिह्न ( ? ) भनिन्छ ।

### (ग) अल्पविराम चिह्न ( , )

मैले आँप, सुन्तला, केरा र स्याउ खाएँ ।

उनी नेपाली, अङ्ग्रेजी, विज्ञान र सामाजिक विषय मन पराउछिन् ।

हरि, गोपाल, श्याम र राधा विद्यालय गए ।

एकैखाले शब्द तथा शब्द समूह आउँदा अल्पविराम ( , ) चिह्नको प्रयोग गरिन्छ ।

## (घ) उद्गार चिह्न ( ! )

आत्था ! आगोले पोल्यो ।

आच्छु ! कति चिसो पानी ।

वाह ! म प्रथम भएँ ।

ओहो ! कति सुन्दर हिमाल

खुसी, हर्ष, आश्चर्य, पीडा जस्ता मान्छेका मनमा उब्जेका भाव व्यक्त गर्दा प्रयोग गरिने लेख्य चिह्नलाई उद्गार चिह्न ( ! ) भनिन्छ ।


## (ङ) उद्धरण चिह्न ( "   " )

भाइले भन्यो, "म घर जान्न ।"

गुरुले भन्नुभयो, "धेरै हल्ला नगर ।"

रामले भन्यो, "मलाई सन्चो छैन ।"

कसैले भनेको कुरा जस्ताको तस्तै लेख्दा प्रयोग गरिने चिह्नलाई उद्धरण चिह्न ( "   " ) भनिन्छ ।



## अभ्यास

**१. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| पूर्णविराम | ! |
| प्रश्न चिह्न | " " |
| अल्पविराम चिह्न | । |
| उद्धरण चिह्न | ? |
| उद्गार चिह्न | , |

**२. तल दिएका वाक्य लेखी आवश्यक लेख्य चिह्न राख्नुहोस् :**

(क) बाबु हो तिमीहरू को हो

______________________________

(ख) सुनकोसी तामाकोसी इन्द्रावती अरुण र तमोर

______________________________

(ग) सप्तकोसीका सहायक नदी हुन्

______________________________

(घ) बुवाले भन्नुभयो तिमी बेलैमा विद्यालय जाऊ

______________________________

(ङ) छ्या त्यहाँ त धेरै फोहोर रहेछ

______________________________

(च) सीता रमा गोमा र सरिता पढ्न गए

______________________________

३. तलको अनुच्छेदमा आवश्यक लेख्य चिह्न राखी कापीमा सार्नुहोस् :

राजकुमारको उत्तर सुनेपछि बुद्धले भने राजकुमार तिमी पनि अहिले निमका यी बिरुवाजस्तै साना छौ तिमी मानिसहरूसँग तितो र मन नपर्ने व्यवहार गर्छौ यदी मानिसहरूले तिमीले बिरुवालाई गरेजस्तै व्यवहार गरे भने त्यसको परिणाम के होला भन त ।



एकाइ ४

# नाम

## १. तल दिइएका वाक्य पढ र बुझ:




राम



सगरमाथा



नेपाल




रामायण





रुख



पानी




सुन



धुवाँ



जन्ती



बथान



झुप्पो



माया



खुसी



दया

कुनै व्यक्ति, वस्तु, ठाउँ अथवा अवस्था आदि बुझाउने शब्दलाई नाम भनिन्छ ।

## २. नामका प्रकार

**नाम पाँच प्रकारका छन् :**

### (क) व्यक्तिवाचक नाम



सीता



लुम्बिनी



वाग्मती



माछापुच्छ्रे



सयपत्री



पशुपति




मुनामदन



भानुभक्त




गुरुआमा

कुनै व्यक्ति, वस्तु अथवा ठाउँको नाम जनाउने शब्दलाई व्यक्तिवाचक नाम भनिन्छ ।

## (ख) जातिवाचक नाम


मानिस


गाई


पहाड


अन्न


चरा


फल


घर


लुगा


सहर

व्यक्ति, वस्तु अथवा ठाउँको साझा नाम बुझाउने शब्दलाई **जातिवाचक नाम** भनिन्छ ।

## (ग) द्रव्यवाचक नाम



दूध


चाँदी


माटो




चामल




ग्यास



दाउरा



पैसा



ढुङ्गा



तेल

गन्न नसकिने तर नापतौल गर्न सकिने पदार्थ अथवा वस्तुलाई बुझाउने शब्दलाई द्रव्यवाचक नाम भनिन्छ ।

## (घ) समूहवाचक नाम



जुलुस



परिवार



झुप्पो



दर्जन



ताँती



कक्षा



बथान



गण



जोडी

कुनै व्यक्ति, वस्तु अथवा ठाउँको समूह बुझाउने शब्दलाई **समूहवाचक नाम** भनिन्छ ।

## (ङ) भाववाचक नाम



शिक्षा



सोचाइ



हिँडाइ




घृणा



बुढ्याइँ



धनी



गरिबी



पढाइ



माया

कुनै पनि व्यक्ति अथवा वस्तुको गुण, भाव अथवा अवस्था बुझाउने शब्दलाई **भाववाचक नाम** भनिन्छ ।

### ३. तल दिएका नाम शब्दहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :

| | |
|---|---|
| व्यक्तिवाचक नाम शब्दहरू : | अरनिको, नेपाल, दशैँ, महाकाली, मकालु, डोल्मा, पोखरा, कर्णाली । |
| जातिवाचक नाम शब्दहरू : | बाख्रा, विद्यालय, देश, जनावर, रूख, हार, सहर, चरा, नदी, हिमाल, चाड । |
| समूहवाचक नाम शब्दहरू : | लहर, मलामी, बथान, हूल, भिड, पङ्क्ति, गोलो, जमात, थुप्रो, डङ्गुर । |
| द्रव्यवाचक नाम शब्दहरू : | पानी, हावा, असिना, हीरा, फलाम, गहुँ, दूध, अक्सिजन, पेट्रोल, तामा । |
| भाववाचक नाम शब्दहरू : | इमानदारी, हाँसो, सुख, घमण्ड, दया, घृणा, रिस, माया, वीरता, सुन्दरता, मित्रता, शिक्षा, ज्ञान, मूर्खता, राष्ट्रियता । |



## अभ्यास

### १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| व्यक्तिवाचक | सुन, तेल, हावा, धुवाँ |
| जातिवाचक | तिहार, सगरमाथा, रामायण, चीन |
| समूहवाचक | प्रेम, विश्वास, न्याय, मानवता |
| द्रव्यवाचक | मानिस, नदी, चरा, फल |
| भाववाचक | रास, गण, युगल, जमात |

### २. मिल्ने शब्दमा गोलो ◯ घेरा लगाउनुहोस् :

व्यक्तिवाचक नाम     गरिबी, हावा, रूख, भानुभक्त

| | |
|---|---|
| जातिवाचक नाम | मन्दिर, रामायण, सविता, जमात |
| समूहवाचक नाम | रुवाइ, थुप्रो, फलाम, सप्तकोसी |
| द्रव्यवाचक नाम | मट्टितेल, माया, किताब, भारत |
| भाववाचक नाम | झुण्ड, विद्वत्ता, ल्होसार, गङ्गा |

**३. तल दिएका शब्दहरूलाई तालिकामा भर्नुहोस् :**

मित्रता, फल, बगाल, माया, केटो, रीता, कक्षा, पेट्रोल, मकालु, चामल, लहर, अरनिको, घृणा, हिमाल, मनकामना, विष्णुमती, डोल्मा, चामल, विश्वास ।

| व्यक्तिवाचक | जातिवाचक | समूहवाचक | द्रव्यवाचक | भाववाचक |
|---|---|---|---|---|
| ______ | ______ | ______ | ______ | ______ |
| ______ | ______ | ______ | ______ | ______ |
| ______ | ______ | ______ | ______ | ______ |
| ______ | ______ | ______ | ______ | ______ |

**४. खाली ठाउँमा तीनओटा नाम शब्द लेख्नुहोस् :**

(क) व्यक्तिवाचक ______ ______ ______

(ख) जातिवाचक ______ ______ ______

(ग) समूहवाचक ______ ______ ______

(घ) द्रव्यवाचक ______ ______ ______

(ङ) भाववाचक ______ ______ ______

५. **रातो अक्षरमा लेखिएका शब्द नामका कुन प्रकारमा पर्छन्, चिनेर लेख्नुहोस्:**

(क) रामको बिहेमा म जन्ती गएको थिएँ । ____________

(ख) बाटोमा फोहोरको डङ्गुर थियो । ____________

(ग) दाइ मलाई धेरै माया गर्नुहुन्छ । ____________

(घ) म दिनको दुई लिटर पानी पिउँछु । ____________

(ङ) मैले मुनामदन पढेको छु । ____________

च) मलाई सुनभन्दा पैसाको आवश्यकता छ । ____________

(छ) मैले जङ्गलमा धेरै जनावर देखें । ____________

(ज) चौरमा बथान गाईहरू चरिरहेका छन् । ____________

६. **तल दिएको अनुच्छेद पढ्नुहोस् र नाम शब्दमा गोलो ◯ घेरा लगाउनुहोस् :**

म बाग्मती नदी हुँ । नेपालमा मजस्ता थुप्रै नदीहरू छन् । अरू नदीहरूलाई ठिकै होला तर मलाई धेरै समस्या छ । त्यसैले म मेरो कथा सुनाउँदै छु । मेरो कथा भित्र एउटा व्यथा पनि छ । म पहिलेजस्तो खुसी छैन । मलाई धेरै जमातले हेँला गर्छन् । मैले कसैको बिगार गरेको छैन तापनि सबै मलाई दुःख दिन्छन् । मेरो बगेको सफा पानीमा फोहोरको डुङ्गुर मिसाउँछन् । सहरभरिको फोहोर मेरै छातीमा निसासिने गरी थुपार्छन् । जहाँतहीँ फोहोरको रास थुपार्छन् । त्यसैले अचेल मानिसहरू पहिलेजस्तो मेरो नि( जकमा आउँदैनन् । मेरो पानी छुन पनि घिनाउँछन् । मेरो सफा पानी लेदो भएको छ । मेरो किनारका सल्ला र सालका रूखहरू

काटी दिन्छन् । मेरो बगरमा सयौँ गाडीहरू आएर बालुवा बोकेर लान्छन् । अहिले मेरो किनार स्वच्छ, सफा र हराभरा छैन । त्यहाँ त धेरै घरहरू बनाइसकेका छन् ।

**७. माथिको अनुच्छेदमा गोलो लगाएका नाम शब्दहरू सार्नुहोस् :**

| | | |
|---|---|---|
| ____________ | ____________ | ____________ |
| ____________ | ____________ | ____________ |
| ____________ | ____________ | ____________ |
| ____________ | ____________ | ____________ |
| ____________ | ____________ | ____________ |
| ____________ | ____________ | ____________ |
| ____________ | ____________ | ____________ |
| ____________ | ____________ | ____________ |

एकाइ ५

# सर्वनाम

## १. तल दिइएका वाक्य पढ र बुझ :



मेरो नाम राम हो ।
म कक्षा ३ मा पढ्छु




हरि मेरो भाइ हो ।
हामी पोखरामा बस्छौ ।



मेरो साथी सफल हो ।
ऊ बिरामी छ ।



मैले तिमीलाई सोधें
"तिमी कहाँ जान हिडेकी ?"



उनी गीत गाउँछिन् ।



यो मेरो कलम हो ।




उहाँ शिक्षक हुनुहुन्छ ।



घरमा को हुनुहुन्छ ?



तपाईँ सहर जानुहुन्छ ।



तँ गृहकार्य गर्छस् ।

नामको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ ।

## २. सर्वनामका प्रकार

### (क) पुरुषवाचक सर्वनाम



म शिक्षक हुँ ।



हामी किसान हौँ ।



तँ फुटबल खेल्छस् ।
तिमी फुटबल खेल्छौ ।
तपाईँ फुटबल खेल्नुहुन्छ ।



ऊ पाठ पढ्छ ।



उनी घाँस काट्छिन् ।



उनी विद्यार्थी हुन् ।

**पुरुषवाचक सर्वनाम ३ प्रकारका छन् :**

प्रथम पुरुष : म, हामी = बोल्ने वक्ता
द्वितीय पुरुष : तँ, तिमी, तपाईँ = सुन्ने श्रोता
तृतीय पुरुष : ऊ, उनी, उनीहरू = जसको बारेमा कुरा हुन्छ ।

## (ख) दर्शकवाचक सर्वनाम



यो कलम राम्रो छ ।



त्यो रूख अग्लो छ ।



त्यहाँ फोहोर छ ।



यिनीहरू विद्यार्थी हुन् ।



यिनी मेरी बहिनी हुन् ।



तिनीहरू सबै डाक्टर हुन् ।

नजिक वा टाढा रहेको व्यक्ति, वस्तु अथवा ठाउँलाई तोकेर जनाउने शब्दलाई **दर्शकवाचक सर्वनाम** भनिन्छ ।

## (ग) प्रश्नवाचक सर्वनाम



झोलामा के छ ?



तिमी कहाँबाट आएको ?



तिमीलाई **कसले** पिटेको हो ?



भाइ **के** खान्छ ?



तिमीले **कसलाई** फोन गरेको ?



घरमा **को** हुनुहुन्छ ?

कुनै व्यक्ति, वस्तु वा ठाउँको सट्टामा प्रयोग भई प्रश्न सोध्न आउने सर्वनामलाई **प्रश्नवाचक सर्वनाम** भनिन्छ ।

## (घ) सम्बन्धवाचक सर्वनाम



**जे** मन पर्छ खाऊ ।



**जुन** मन लाग्छ देऊ ।



जोसुकै आओस् ।



जहाँ मन लाग्छ जाऊ ।



जसलाई दिनुपर्छ देऊ ।




जो भन्न सक्छ भन ।

कुनै व्यक्ति, वस्तु वा ठाउँको सट्टामा प्रयोग हुने शब्द सम्बन्धवाचक सर्वनाम भनिन्छ ।

## (ङ) निजवाचक सर्वनाम



म आफैँ हिँड्छु ।



राम स्वयम् पढ्छ ।



मैले आफूलाई ऐनामा हेरेँ ।



सीता आफैँ पूजा गर्छे ।

नाम वा सर्वनाम शब्दसँगै आउने शब्दलाई निजवाचक सर्वनाम भनिन्छ ।

## ३. तल दिइएको तालिका पढ र बुझ:

| सर्वनाम शब्द | सर्वनामका प्रकार | वाक्य |
|---|---|---|
| म, हामी, तँ, तिमी, तपाईं, ऊ, उनी, उनीहरू | पुरुषवाचक | म पाठ पढ्छु ।<br>हामी विद्यालय जान्छौँ ।<br>तँ खेल्न जान्छस् ।<br>तिमी गीत गाउँछौ ।<br>तपाईं बजार जानुहुन्छ ।<br>उनी सिनेमा हेर्छिन् ।<br>उनीहरू नेपाली बोल्छन् । |
| यो, त्यो, यिनी, तिनी, यहाँ, त्यहाँ | दर्शकवाचक | यो मेरो घर हो ।<br>त्यो घर गयो ।<br>यिनी मेरी बहिनी हुन् ।<br>त्यहाँ राम्रा फूलहरू छन् ।<br>यहाँ हाम्रा आफन्त छन् । |

| | | |
|---|---|---|
| जुन, जोसुकै,<br>जो, जसले,<br>जहाँ, जोजो | सम्बन्धवाचक | जुन मन लाग्छ लैजाऊ ।<br>जो पढ्न अल्छी गर्छ, ऊ अनुत्तीर्ण हुन्छ ।<br>जहाँ गए पनि हुन्छ ।<br>जसले पनि माया गर्छ ।<br>जेसुकै गर् ।<br>जहाँ मन लाग्छ जाऊ । |
| के, कुन, को<br>कहाँ, कसलाई | प्रश्नवाचक | को आएको थियो ।<br>के खान लागेको ?<br>मेरो खाजा कसले खाएछ ?<br>त्यहाँ कोको थिए ?<br>तिमीले कुन ल्यायौ ? |
| आफू, आफैँ,<br>स्वयम् | निजवाचक | म आफैँ चढ्छु ।<br>आफू त खाइन्छ ।<br>तिमी स्वयम् निर्दोष छौ ।<br>ऊ आफूलाई गाली गर्छे । |



## अभ्यास

१. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| पुरुषवाचक | यो, यिनी, त्यहाँ |
| दर्शकवाचक | के, को, कहाँ |
| सम्बन्धवाचक | म, तिमी, उनी |
| प्रश्नवाचक | आफू, जुन, जोसुकै |

## २. कोष्ठकबाट मिल्ने सर्वनाम शब्द राखी खाली ठाउँ भर्नुहोस् :

(क) ______________ विद्यार्थी हुँ । (म, तँ, हामी)

(ख) ______________ तिम्रो कलम हो । (ऊ, यो, म)

(ग) ______________ फुटबल खेल्छन् । (हामी, उनीहरू, उनी)

(घ) झोलामा ______________ छ ? (को, के, जे)

(ङ) उनी ______________ खान्छिन् । (हामी, आफैं, के के)

(च) ______________ मन लाग्छ गर । (जे, ऊ, यो)

(छ) ______________ गृहकार्य गर्छस् । (म, तँ, ऊ)

## ३ मिल्दो शब्दमा गोलो ◯ घेरा लगाउनुहोस् :

| | |
|---|---|
| पुरुषवाचक | को, ऊ, यो |
| दर्शकवाचक | यहाँ, आफू, हामी |
| सम्बन्धवाचक | आफैं, कुन, जसले |
| प्रश्नवाचक | कहाँ, जो, उनी |
| निजवाचक | जुन, तपाईं, स्वयम् |

## ४. तल दिएका शब्दलाई तालिकामा भर्नुहोस् :

म, तिमी, हामी, तँ, आफू, को, कसले, जे, जेसुकै, ऊ, त्यो, स्वयम्, त्यहाँ, आफू, उनी, उहाँ, जोसुकै, कुन, यो, आफू, आफैं, कहाँ, जहाँ

| पुरुष वाचक | दर्शक वाचक | सम्बन्ध वाचक | प्रश्न वाचक | निज वाचक |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

## ५. जोडा मिलाएर खाली ठाउँ भर्नुहोस् :

| | | | |
|---|---|---|---|
| म | | गर्छौं | |
| हामी | | गर्छौं | |
| तँ | | गर्नुहुन्छ | |
| तिमी | गृहकार्य | गर्छिन् | |
| तपाईं | | गर्छु | |
| ऊ | | गर्छस् | |
| उनी | | गर्छ | |

६. तलका सर्वनाम शब्द प्रयोग गरेर एकएक ओटा वाक्य बनाउनुहोस् :

म : ________________________________ ।

हामी : ________________________________ ।

तँ : ________________________________ ।

तिमी : ________________________________ ।

तपाईँ : ________________________________ ।

ऊ : ________________________________ ।

उनी : ________________________________ ।

उनीहरू : ________________________________ ।

६. तल दिएको अनुच्छेदमा प्रयोग भएका सर्वनाम शब्द चिनेर गोलो ◯ घेरा लगाउनुहोस् :

रामसँग पैसाभए पनि फजुल खर्च गर्दैन । केही मानिसहरूमा सोच, विचारबिना नै पैसा खर्च गर्ने बानी हुन्छ । उनीहरू चाडपर्व, बिहे, व्रतबन्ध जस्ता कार्यमा फजुल खर्च गर्दछन् । अरूलाई देखाउन बिनासित्तिमा बढी पैसा खर्च गर्दछन् । हामीले यस्तो कार्य गर्नु हुँदैन । यो राम्रो बानी होइन । तिमीले पनि यस्तो बानीलाई हटाउन समाजमा सहयोग गर्नुपर्दछ । मेरो भाइ पैसा पायो भने चाउचाउ किन्न पसलमा दुगुरी हाल्छ । तँ यस्तो बानी नगर भनेर मैले सम्भाउने गरेको छु, तर मेरो यस्तो कुरा सुन्यो भने ऊ रिसाउने गर्दछ । तपाईँ मलाई गाली मात्र गरिरहनुहुन्छ

भनेर चित्त दुखाउँछ । मेरी बहिनी भने पैसा पाइ भने बचत गर्छिन् । उनी ज्ञानी पनि छिन् ।

______________ ______________ ______________

______________ ______________ ______________

______________ ______________ ______________

______________ ______________ ______________

______________ ______________ ______________

______________ ______________ ______________




एकाइ
६

# विशेषण

## १. तल दिएका वाक्य पढ्नुहोस् अनि बुझ्नुहोस् :


अग्लो धरहरा


हँसिलो मुहार


सय रूपैयाँ


पहेँलो गुलाफ


कालो कपाल


यो विद्यार्थी


थुप्रै मानिस


भक्तपुरे दही


असल केटी


जेठो दाइ


लामो नदी


आधा गिलास दुध



तातो चिया



गुलियो जेरी



रातो लुगा

नाम अथवा सर्वनामको विशेषता जनाउने शब्दलाई विशेषण भनिन्छ ।

## २. तल दिएका वाक्यहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :


| | | |
|---|---|---|
| पाकेको केरा मिठो हुन्छ । | कस्तो केरा ? | पाकेको |
| अग्लो रूख ढलेछ । | कत्रो रूख ? | अग्लो |
| रामसँग धेरै कलम छन् । | कति कलम ? | धेरै |
| यो केटो असल छ । | कुन केटो ? | यो |
| तिम्रो हँसिलो मुहार छ । | कस्तो मुहार ? | हँसिलो |

नामसँग कत्रो ? कस्तो ? कति ? कुन ? भनेर प्रश्न गर्दा उत्तरको रूपमा आउने शब्द विशेषण हो ।


## ३. विशेषणका प्रकार

### विशेषण ४ प्रकारका छन् :

### (क) गुणबोधक विशेषण



पुरानो किताब



ठुलो घर



अग्लो हिमाल



गोलो औँठी



धनी मानिस



जेठी माइजू



मिहिनेती विद्यार्थी



बाटुलो कचौरा



धमिलो पानी

नामको गुण, दोष अथवा अवस्था बुझाउने विशेषण शब्दलाई गुणबोधक विशेषण भनिन्छ ।

**तलका वाक्यहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :**

| वाक्य | विशेषण शब्द | नाम शब्द |
|---|---|---|
| मैले पाकेको आँप किने । | पोकेको | आँप |
| असल विद्यार्थी ज्ञानी हुन्छ । | असल | विद्यार्थी |
| म भक्तपुरे दही खान्छु । | भक्तपुरे | दही |
| मैले अग्लो मानिस देखें । | अग्लो | मानिस |
| कान्छो भाइ बजार गयो । | कान्छो | भाइ |

नामसँग कत्रो ? कस्तो ? भनेर प्रश्न गर्दा उत्तर बनेर आउने विशेषण शब्दलाई गुणबोधक विशेषण भनिन्छ ।


## (ख) सङ्ख्याबोधक विशेषण



एउटा कलम




सय रूपैयाँ



पाँचओटा बल



तेस्रो खुड्किलो



चार तले घर

| | |
|---|---|
| आइतबार | सोमबार |
| मंगलबार | बुधबार |
| बिहिबार | शुक्रबार |
| शनिबार | |

सात बार



दोस्रो पुरस्कार

नाम अथवा सर्वनामको सङ्ख्या बुझाउने शब्दलाई सङ्ख्याबोधक विशेषण भनिन्छ ।

**तल दिएका वाक्यहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :**

| वाक्य | विशेषण शब्द | नाम शब्द |
|---|---|---|
| दाइले पाँच रूपैयाँ दिनुभयो । | पाँच | रूपैयाँ |
| एक हप्तामा सात दिन हुन्छन् । | सात | हप्ता |
| रामले प्रथम पुरस्कार पायो । | प्रथम | पुरस्कार |
| म दोस्रो लहरमा गएर बसेँ । | दोस्रो | लहर |
| आज सयौँ मानिस आए । | सयौँ | मानिस |

नामसँग कति ? भनेर प्रश्न गर्दा उत्तर बनेर आउने शब्द विशेषण हो ।

## (ग) परिमाणबोधक विशेषण



धेरै कलम



केही बच्चाहरू



थोरै खाना



आलिकति नुन



थुप्रो किताब



प्रशस्त पैसा

कुनै व्यक्ति वा वस्तुको थोरै अथवा धेरै परिमाण बुझाउने शब्दलाई परिमाणबोधक विशेषण भनिन्छ ।

**तल दिएका वाक्यहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :**

| वाक्य | विशेषण शब्द | नाम शब्द |
|---|---|---|
| तिमी धेरै कुरा नगर । | धेरै | कुरा |
| हरिले प्रशस्त पैसा कमायो । | प्रशस्त | पैसा |
| बहिनीले थोरै खाना खाई । | थोरै | खाना |
| मैले कम दाममा कलम किनेँ । | कम | दाम |
| मलाई केही लुगा किन्छु । | केही | लुगा |

नामसँग कति ? भनेर प्रश्न गर्दा यति उती भनेर मात्रा अथवा परिमाण बुझाउने शब्द परिमाणबोधक विशेषण हो ।

## (घ) सार्वनामिक विशेषण



त्यो केटो



यो घर



को मान्छे



ती केटीहरू



यी केटाहरू



जो मानिस

नाम शब्दका अगाडि प्रयोग हुने सर्वनाम शब्दलाई सार्वनामिक विशेषण भनिन्छ ।

**तल दिइएका वाक्य पढ र बुझ :**

| वाक्य | विशेषण शब्द | नाम शब्द |
|---|---|---|
| त्यो केटो असल छ । | त्यो | केटो |
| ती घरहरू अग्ला छन् । | ती | घर |
| को मान्छे आयो ? | को | मान्छे |
| तिनीले जुन कुरा भन्यौ, त्यो ठिक छ । | जुन | कुरा |
| यी केटाहरू ज्ञानी छन् । | यी | केटा |

नामसँग कुन ? भनेर प्रश्न गर्दा उत्तर बनेर आउने शब्द सार्वनामिक विशेषण हो ।



## अभ्यास

**१. तलका शब्दहरूबाट विशेषण शब्द छानेर लेख्नुहोस् :**

काली, केटी, घर, अग्लो, धेरै, एक, प्रशस्त, फोहोर, त्यो, पातली, कुरा, काम, जुन, मानिस, यी, टन्न, खाजा, अलिकति, ज्यादा, पैसा, थुप्रो, किताब, कम, बाटुलो, दुध, पानी, धमिलो, पहिलो, हजार, पाठ, पुरस्कार, सात, दोस्रो, तीन, जेठी, अग्ली, हरियो

______________________________

______________________________

______________________________

______________________________

______________________________

**२. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| गोलो | घर |
| सय | केटी |
| गोरी | कलम |
| दुईतले | केश |
| सस्तो | रूपैयाँ |
| रातो | गाई |
| चलाख | कचौरा |

## ३. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| गुणबोधक विशेषण | एउटा, दुई, तीस, पाचौँ |
| परिमाणबोधक विशेषण | त्यो, यी, जो, को |
| सङ्ख्याबोधक विशेषण | राम्रो, काँचो, अग्लो, धनी |
| सार्वनामिक विशेषण | धेरै, प्रशस्त, निकै, केही |

## ४. तलको तालिकामा मिल्ने विशेषण शब्दहरू भर्नुहोस् :

| कस्तो ? | कत्रो ? | कति ? | कुन ? |
|---|---|---|---|
| | | | |

## ५. कोष्ठकबाट मिल्ने शब्द छानेर खाली ठाउँ भर्नुहोस् :

(क) कागती ____________ हुन्छ । (नुनिलो, गुलियो, अमिलो)

(ख) आमाले ____________ खाना बनाउनुहुन्छ । (मिठो, रातो, रोटी)

(ग) ____________ केटो घर गएको ? (के, कहाँ, कुन)

(घ) चौरमा ____________ गाई चरेको छ । (रातो, अमिलो, जेठो)

(ङ) हामीले ____________ पानी पिउनुपर्छ । (सफा, धमिलो, फोहोर)

(च) भाइले ____________ दूध पियो । (तातो, होचो, राम्रो)

## ६. तलका मध्ये विशेषण शब्दमा गोलो ◯ घेरा लगाउनुहोस् :

"मसिने ! म पढेर पनि मूर्ख रहेछु ।" तँ नपढेर पनि विद्वान् रहिछस् । तैँले मलाई जीवनको ठुलो पाठ पढाइस् । तलाई मैले

कालो भनेर खुब हेपेँ । म गोरो भएर पनि केही गर्न सकिनँ । राम्रा कुरा सुन्न मैले सकिनँ । अग्ला, होचा, पुड्को जस्तो भए पनि हामीले सबैलाई माया गर्नुपर्छ । ती जस्ता भए पनि पढ्नमा त सिपालु छन् नि । फोहर खानेकुरा कहिल्यै खाँदैनन् । सफा पानी पिउँछन् । पढ्नमा मिहिनेती पनि छन् । सधैँ अतिरिक्त क्रियाकलापमा प्रथम, दोस्रो, तेस्रो भएर पुरस्कार पाउँछन् । एक हप्तादेखि मैले सबै कुरा बुझिरहेको छु । आज अलिकति भए पनि मेरो बुद्धि पलाएको छ ।

**७. तलका विशेषण प्रयोग गरेर वाक्य बनाउनुहोस् :**

प्रशस्त : ______________________________ ।

पाचौँ : ______________________________ ।

जो : ______________________________ ।

अग्लो : ______________________________ ।

पुरानो : ______________________________ ।

तेस्रो : ______________________________ ।

निकै : ______________________________ ।



एकाइ ७

# क्रियापद

१. **तल दिएका वाक्य पढ्नुहोस् अनि बुझ्नुहोस् :**




रामले चङ्गा उडायो ।



म विद्यालय जान्छु ।



गुरु पढाउनुहुन्छ ।



गाईले घाँस खान्छ ।



उनी डाक्टर हुन् ।



छानामाथि चरो छ ।



देवाङ गाडी गुडाउने छ ।



बादल लाग्यो ।



ऊ कविता लेख्छ ।

कर्ताले गरेको काम, अवस्था वा घटना बुझाउने शब्दलाई क्रियापद भनिन्छ । क्रियापदले वाक्यलाई समापन गर्ने काम गर्दछ ।

२. तलको अनुच्छेद ध्यान दिएर पढ्नुहोस् अनि क्रियापदको प्रयोग बुझ्नुहोस् :

भगवान् बुद्ध जन्मनुअघिको कुरा हो । नेपालको पहाडी क्षेत्रको कुनै गाउँमा एकजना सम्पन्न मानिस बस्थे । उनको घरमा एक शिशुको जन्म भयो । शिशुको नाम बोधिसत्त्व राखियो । शिशु बोधिसत्त्व बढ्दै गए । आफ्ना साथीसँग खेल्दा उनी कहिल्यै झगडा गर्दैनथे । कसैलाई नराम्रो कुरा भन्दैनथे । बिस्तारै उनलाई अक्षर चिनाउने बेला भयो । अक्षराम्भकै दिन उनले सबै अक्षर चिनेको देखेर गुरु छक्क परे । उनले सानो उमेरमा सम्पूर्ण ज्ञान र विद्या लिए । ज्ञान र विद्याभन्दा पनि उनको व्यवहार अनौठो थियो ।

क्रियाले वाक्यमा भएको कामलाई बुझाउँछ ।

| | |
|---|---|
| राम भात खान्छ । | खाने काम |
| सीता गीत गाउँछे । | गाउने काम |
| भाइ पाठ पढ्छ । | पढ्ने काम |
| आमा खाना पकाउनुहुन्छ । | पकाउने काम |
| गोपाल फुटबल खेल्छ । | खेल्ने काम |

क्रियाले वाक्य पूरा भएको बुझाउने गर्दछ । क्रियाविना वाक्य पूरा हुँदैन ।

| | |
|---|---|
| म खाना खाएर | (वाक्य पूरा भएको छैन) |
| म खाना खाएर पढ्छु । | (वाक्य पूरा भएको छ) |
| ऊ पढेर घर | (वाक्य पूरा गरेको छैन) |
| ऊ पढेर घर जान्छ । | (वाक्य पूरा भएको छ) |

क्रियाले हो अथवा होइन भन्ने दुवै अर्थ प्रदान गर्दछ ।

| | |
|---|---|
| हरि पढ्न जान्छ । | हरि पढ्न जाँदैन । |
| म घर जान्छु । | म घर जान्न । |
| आज घाम लाग्यो । | आज घाम लागेन । |
| रूख अग्लो छ । | रूख अग्लो छैन । |
| गाइले दूध दिन्छ । | गाईले दूध दिँदैन । |



## अभ्यास

१. **क्रियापद चिनेर खाली ठाउँमा लेख्नुहोस् :**

(क) हरि, पढ्छ, घर कालो ____________

(ख) जान्छे, विद्यालय, पढ्न, लेख्न ____________

(ग) चार, आमा, खानुहुन्छ, रूख ____________

(घ) दूध, पानी, चरा, भन्छ ____________

(ङ) मामा, बजार, जानुहुन्छ, रूख ____________

(च) पानी, सस्तो, बाकस, गाउँछ ____________

(छ) हामी, नेपाली, गर्नुहुन्छ, दिल ____________

२. **मिल्ने क्रियापद छानेर खाली ठाउँ भर्नुहोस् :**

(क) म व्याकरण ____________ । (पढ्छु, पढ्छौ, पढ्छिन्)

(ख) हामी फुटबल ____________ । (खेल्छु, खेल्छौँ, खेल्छन्)

(ग) रूख अग्लो ____________ । (छन्, छे, छ)

(घ) तिमी गीत ____________ । (गाउँछौ, गाउँछे, गाउँछिन्)

(ङ) उनीहरू बजार ____________ । (जान्छ, जान्छन्, जान्छे)

(च) रामले कथा ____________ । (सुन्छन्, सुनायो, सुनाउँछिन्)

(छ) आज घाम ____________ । (लागेन, लाग्छिन्, लाग्नुहुन्छ)

(ज) तँ पोखरा ________ । (जान्छु, जान्छौ, जान्छस्)
(झ) हरि विद्यार्थी ________ । (छन्, हो, छिन्)
(ञ) ऊ खाना ________ । (खान्छ, खानुहुन्छ, खान्छन्)

## ३. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| म | जान्छस् |
| हामी | जान्छ |
| तँ | जान्छु |
| तिमी | जानुहुन्छ |
| तपाईँ | जान्छिन् |
| ऊ | जान्छौँ |
| उनी | जान्छौ |

## ४. तल दिएका क्रियापद प्रयोग गरी वाक्य बनाउनुहोस् :

पढ्छु : ________ ।
जान्छौ : ________ ।
खेल्छन् : ________ ।
खानुहुन्छ : ________ ।
उठ्छे : ________ ।
भन्छ : ________ ।
गाउँछ : ________ ।
देख्छ : ________ ।
रुन्छ : ________ ।

५. **उदाहरणमा दिएजस्तै तलका शब्दलाई बदल्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| खानु : | खाई | खान | खाएर | खाने |
| बस्नु : | | | | |
| जानु : | | | | |
| घुम्नु : | | | | |
| डुल्नु : | | | | |
| भन्नु : | | | | |
| किन्नु : | | | | |
| रुनु : | | | | |
| हिँड्नु : | | | | |
| सुत्नु : | | | | |

६. **तलका शब्दको क्रम मिलाएर वाक्य बनाउनुहोस् :**

(क) म जान्छु घर । ______________________ ।

(ख) बगैँचामा फूल छन् फुलेका । ______________________ ।

(ग) हामी बन्नुपर्छ अनुशासित । ______________________ ।

(घ) म धोएर हात खान्छु खानेकुरा । ______________________ ।

(ङ) हामीलाई पढाउनुहुन्छ उहाँ । ______________________ ।

(च) सपना जाने छिन् मामाघर । ______________________ ।

(छ) मानिस त्यो थियो दुब्लो । ______________________ ।

(ज) वनमा रूखहरू थिए ठुला ठुला । ______________________ ।

७. जोडा मिलाएर वाक्य बनाउनुहोस् :

| | | |
|---|---|---|
| म | | खेल्छस् |
| हामी | | खेल्नुहुन्छ |
| तँ | | खेल्छ |
| तिमी | फुटबल | खेल्छौँ |
| तपाईँ | | खेल्छु |
| ऊ | | खेल्छिन् |
| उनी | | खेल्छौ |

८. तल दिएको अनुच्छेद पढी क्रियापद शब्दमा गोलो ◯ घेरा लगाउनुहोस् :

घरमा मुसा र साङ्लाले दुःख दिए झैँ शरीरमा पनि अनेक किसिमका परजीवी प्रवेश गर्छन्। तिनीहरूले हाम्रो शरीरमा रोग फैलाउँछन्। तिनलाई हटाउन हामीले औषधी गर्नुपर्छ। हिजोआज रोगको उपचार गर्ने विभिन्न औषधी बनेका छन्। यस्ता औषधीमध्ये प्रतिजैविक औषधी धेरै महत्त्वपूर्ण हुन्छन्। अहिले औषधी विज्ञानले धेरै प्रकारका प्रतिजैविक औषधी निर्माण तथा प्रयोग गरेको छ। तर सन् १९२८ अघि कुनै पनि प्रतिजैविकी औषधी बनेका थिएनन्। पहिलो प्रतिजैविक औषधी पेनिसिलिन हो। यसका आविष्कारक अलेक्जेन्डर हुन्। उनको जन्म बेलायतको एउटा गाउँमा भएको थियो। किसान परिवारमा जन्मेका उनको बाल्यकाल गाउँमा नै बित्यो। पाँच वर्षको उमेरमा उनलाई गाउँकै विद्यालयमा पढ्नका लागि भर्ना गरियो। त्यहाँ पाँच वर्ष पढेपछि उनी लन्डन गए। लन्डनमा उनका दाजु पनि पढ्दै थिए। लन्डनको विकास देखेर उनी छक्क परे। उनले दुई वर्ष त्यहाँ रहेर वाणिज्य शास्त्र पढे। त्यसैबिच आर्थिक कारणले उनको पढाइ रोकियो। त्यसैले सोह्र वर्षको उमेरमा उनले पढाइ छाडेर लेखा सहायकको जागिर खान थाले।

९. प्रश्न नं. ८ मा गोलो लागाएको क्रियापद शब्दलाई सार्नुहोस् :

_______________________________________________

_______________________________________________

_______________________________________________

_______________________________________________

एकाइ ८

# लिङ्ग

१. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :



भाइ खेल्छ ।



बहिनी खेल्छे ।



केटो हिँड्यो ।



केटी हिँडी ।



छोरो रुन्छ ।



छोरी रुन्छे ।




बालक सुत्छ ।



बालिका सुत्छे ।



गोरु चर्छ ।



गाई चर्छ ।

भाले र पोथी जनाउने शब्दलाई लिङ्ग भनिन्छ ।

## २. लिङ्गका प्रकार

### (क) पुलिङ्ग



बुवा




राजा



बाघ




शिक्षक



घोडा




छात्र

भाले अथवा पुरुष जाति बुझाउने शब्दलाई पुलिङ्ग भनिन्छ ।

### (ख) स्त्रीलिङ्ग



आमा



गाई



नायिका



केटी



बेहुली



पोथी

पोथी अथवा स्त्री जाति बुझाउने शब्दलाई स्त्रीलिङ्ग भनिन्छ ।

३. तलका पुलिङ्ग र स्त्रीलिङ्ग शब्दहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :

## मानिस

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| दाजु | भाउजू |
| बुवा | आमा |
| मामा | माइजू |
| हजुरबा | हजुरआमा |
| जोगी | जोगिनी |
| भिनाजु | दिदी |
| भान्जो | भान्जी |

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| भाइ | बहिनी |
| काका | काकी |
| पुरुष | स्त्री |
| भान्जो | भान्जी |
| शिक्षक | शिक्षिका |
| बाजे | बज्यै |
| नायक | नायिका |

## जनावर

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| गोरु | गाई |
| राँगो | भैँसी |
| बोको | बाख्रो |
| बाच्छो | बाच्छी |

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| पाडो | पाडी |
| बाघ | बघिनी |
| घोडा | घोडी |
| मत्ता | ढोई |

## चरा

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| परेवा<br>भाले<br>भाले मुजुर | परेवी<br>पोथी<br>पोथी मुजुर |

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| भँगेरो<br>भाले हाँस<br>कुखुरो | भँगेरी<br>पोथी हाँस<br>कुखुरी |

## विशेषण

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| गोरो<br>सेतो<br>ठुलो<br>पातलो<br>सानो<br>दुब्लो | गोरी<br>सेती<br>ठुली<br>पातली<br>सानी<br>दुब्ली |

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| कालो<br>राम्रो<br>मोटो<br>फुच्चे<br>अग्लो<br>कान्छा | काली<br>राम्री<br>मोटी<br>फुच्ची<br>अग्ली<br>कान्छी |

## क्रिया

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| पढ्छ | पढ्छिन् |
| खान्छ | खान्छिन् |
| जान्छ | जान्छे |
| रोयो | रोई |

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| हाँस्ने छ | हाँस्ने छिन् |
| बोल्दै थियो | बोल्दै थिइन् |
| भन्छ | भन्छे |
| टिप्छ | टिप्छे |


## ४. तलका पुलिङ्ग र स्त्रीलिङ्गका वाक्यहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| बुवा बजार जानुहुन्छ । | आमा बजार जानुहुन्छ । |
| राम घर जान्छ । | सीता घर जान्छे । |
| भिनाजु आउनुभयो । | दिदी आउनुभयो । |
| काका कता जानुभएछ ? | काकी कता जानुभएछ ? |
| केटो फुटबल खेल्छ । | केटी फुटबल खेल्छे । |
| गायक गीत गाउँछ । | गायिका गीत गाउँछे । |
| छात्र पाठ पढ्छ । | छात्रा पाठ पढ्छे । |
| मामा सुत्नु भयो । | माइजु सुत्नु भयो । |

कर्ता जुन लिङ्गको छ क्रियापद पनि त्यही लिङ्गको हुनुपर्दछ ।

## ५. तलका वाक्यहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :

| | |
|---|---|
| गोरुले घाँस खान्छ । | गाईले घाँस खान्छ । |
| राँगो चौरमा चर्छ । | भैँसी चौरमा चर्छ । |
| बाघ जङ्गलमा बस्छ । | बघिनी जङ्गलमा बस्छ । |
| बोको खोरमा छ । | बाख्रो खोरमा छ । |
| भाले हाँस पानीमा पौडिन्छ । | पोथी हाँस पानीमा पौडिन्छ । |



# अभ्यास

## १. पुलिङ्ग जनाउने दशओटा शब्दहरू लेख्नुहोस् :

__________ __________ __________

__________ __________ __________

__________ __________ __________

२. स्त्रीलिङ्ग जनाउने दशओटा शब्दहरू लेख्नुहोस् :

३. तल दिएका शब्दहरूबाट पुलिङ्ग र स्त्रीलिङ्ग छुट्याएर लेख्नुहोस् :

नर, गाई, नारी, पुरुष, बालक, नायिका, शिक्षक, गुरु, ससुरा, सालो, भँगेरो, हजुरआमा, छोरो, केटो, भतिजी, नानी, सानो, बाच्छो, छोरी, काकी, दाजु, राँगो, रानी, बुहारी, युवा, बाघ, राम्री, कान्छी, सेती, जेठी, मामा, काकी, भाउजू, भाले, भाइ, बहिनी, बुवा, केही, गोरु, राजा, बेहुलो, खान्छे, भन्छ, सुन्छे, सुन्छिन्, मेरो

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| | |

**४. तलका पुलिङ्ग वाक्यलाई स्त्रीलिङ्गमा परिवर्तन गर्नुहोस् :**

(क) नाति सानो छ । ______________________ ।

(ख) भिनाजू घर आउनुभयो । ______________________ ।

(ग) केटो घरमा छ । ______________________ ।

(घ) गोरु घाँस खान्छ । ______________________ ।

(ङ) गोरो केटो हिँड्यो । ______________________ ।

(च) बुवा बजार जानु हुन्छ । ______________________ ।

**५. तलका स्त्रीलिङ्ग वाक्यलाई पुलिङ्गमा परिवर्तन गर्नुहोस् :**

(क) छोरी विद्यालय जान्छे । ______________________ ।

(ख) आमा घरमा हुनुहुन्छ । ______________________ ।

(ग) भैँसी घाँस खान्छ । ______________________ ।

(घ) मेरी बहिनी नाच्छे । ______________________ ।

(ङ) गोरी केटी असल छे । ______________________ ।

**६. कोष्ठकबाट मिल्ने शब्द छानेर खाली ठाउँ भर्नुहोस् :**

(क) छोरी खेल्न ______________ । (जान्छ, जान्छे, जानुहुन्छ)

(ख) भाइ पढ्न ______________ । (गयो, जानुभयो, जान्छन्)

(ग) बुवा बजार ______________ । (जान्छ, जानुहुन्छ, जान्छे)

(घ) सीता खाजा ______________ । (खान्छ, खान्छे, खान्छु)

(ङ) गाई चौरमा ______________ । (चर्छ, चर्छन्, चरे)

(च) भान्जा विद्यालय ______________ । (जानेछन्, जान्छिन्, जान्छौ)

(छ) भिनाजु सहर ______________ । (जानुभयो, जान्छ, जान्छिन्)

## ७. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| भाइ | घाँस खान्छ |
| शिक्षक | भुर्र उड्यो |
| गाई | ज्ञानी छ |
| परेवा | भुक्यो |
| कुकुर | पढाउनु हुन्छ |

## ८. पुलिङ्ग र स्त्रीलिङ्ग वाक्य छुट्याउनुहोस् :

(क) चरो उड्यो । ______

(ख) किसान खेत खन्छ । ______

(ग) शिक्षिका पढाउनु हुन्छ । ______

(घ) गोरी केटी आई । ______

(ङ) बहिनी रुन्छे । ______

(च) छात्र पाठ पढ्छ । ______

(छ) सुनिताले पढेकी थिई । ______

## ९. वाक्यमा प्रयोग गर्नुहोस् :

नायक : ______ ।

माइजू : ______ ।

बघिनी : ______ ।

पातली : ______ ।

केटो : ______ ।

बाघ : ______ ।

बालिका : ________________________________________।

केटी : ________________________________________।

छात्र : ________________________________________।

ठुलो : ________________________________________।

**१०. तलका अनुच्छेद पढी पुलिङ्ग र स्त्रीलिङ्ग बुझाउने शब्द छुट्टाछुट्टै तालिकामा लेख्नुहोस् :**

मेरो घरमा बुवा, आमा, दाइ, बहिनी र म बस्छौँ। हाम्रो घरमा गाई, भैँसी, बोको, बाख्रा, भाले र पोथी पालिएका छन्। हिजो मेरो घरमा मामा र माइजू आउनु भएको थियो। उहाँले भान्जा र भान्जीलाई भनेर पापा ल्याइदिनु भएको रहेछ। उहाँहरूले भान्जा र भान्जीलाई दङ्ग पार्नुभयो। मेरो मामा गोरो अग्लो हुनुहुन्छ भने माइजू अली होची र काली हुनुहुन्छ। उहाँहरू दुवै जना शिक्षक र शिक्षिका हुनुहुन्छ। उहाँले छात्र र छात्रालाई राम्ररी पढाउनुहुन्छ। मामाघरको हजुरबुवा र हजुरआमाले पनि हामीसँग फोनमा कुराकानी गर्नुभएको थियो।

| पुलिङ्ग | स्त्रीलिङ्ग |
|---|---|
| | |

एकाइ
९

# वचन

**१. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :**


म



हामी



केटी


केटीहरू



कलम


कलमहरू


घोडा


घोडाहरू


चरो


चराहरू

एक अथवा अनेक जनाउने सङ्ख्यालाई **वचन** भनिन्छ । वचनले नाम, सर्वनाम, विशेषण तथा क्रियाको एक अथवा एकभन्दा बढी सङ्ख्याको जानकारी दिन्छ ।

## २. वचनका प्रकार

### (क) एकवचन



केटो




भाँडो



कुखुरो



किताब



विद्यार्थी


### (ख) बहुवचन



केटाहरू



भाँडाहरू



कुखुराहरू



किताबहरू



विद्यार्थीहरू

व्यक्ति अथवा वस्तुको एउटा मात्र सङ्ख्या बुझाउने शब्दलाई **एकवचन** भनिन्छ ।

व्यक्ति वा वस्तुको दुई अथवा दुईभन्दा बढी सङ्ख्या बुझाउने शब्दलाई **बहुवचन** भनिन्छ ।

## ३. तल दिएका एकवचन र बहुवचन शब्दहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :

### मानिस

| एकवचन | बहुवचन |
|---|---|
| केटो | केटाहरू |
| कलाकार | कलाकारहरू |
| छोरो | छोराहरू |
| मामा | मामाहरू |
| भान्जो | भान्जाहरू |

| एकवचन | बहुवचन |
|---|---|
| डाक्टर | डाक्टरहरू |
| मानिस | मानिसहरू |
| बहिनी | बहिनीहरू |
| भाइ | भाइहरू |
| बालक | बालकहरू |

### जनावर/किरा

| एकवचन | बहुवचन |
|---|---|
| गाई | गाईहरू |
| हात्ती | हात्तीहरू |
| भैँसी | भैँसीहरू |
| किरा | किराहरू |
| लामखुट्टे | लामखुट्टेहरू |

| एकवचन | बहुवचन |
|---|---|
| घोडा | घोडाहरू |
| जरायो | जरायोहरू |
| बाघ | बाघहरू |
| कमिलो | कमिलाहरू |
| साङ्लो | साङ्लाहरू |

## वस्तु

| एकवचन | बहुवचन |
|---|---|
| कलम | कलमहरू |
| घर | घरहरू |
| पुस्तक | पुस्तकहरू |

| एकवचन | बहुवचन |
|---|---|
| टेबल | टेबलहरू |
| दराज | दराजहरू |
| लुगा | लुगाहरू |

## सर्वनाम

| एकवचन | बहुवचन |
|---|---|
| म | हामी |
| तिनी | तिनीहरू |
| त्यो | ती/तिनीहरू |

| एकवचन | बहुवचन |
|---|---|
| तँ | तिमीहरू |
| ऊ | उनीहरू |
| यो | यी/यिनीहरू |

## विशेषण

| एकवचन | बहुवचन |
|---|---|
| मोटो | मोटा |
| पातलो | पातला |
| होचो | होचा |
| अग्लो | अग्ला |

| एकवचन | बहुवचन |
|---|---|
| कालो | काला |
| गोरो | गोरा |
| पातलो | पातला |
| रातो | राता |

## क्रियापद

| एकवचन | बहुवचन |
|---|---|
| जान्छ | जान्छन् |
| गयो | गए |
| खाई | खाए |
| भन्छ | भन्छन् |

| एकवचन | बहुवचन |
|---|---|
| खान्छु | खान्छन् |
| पढें | पढ्यो |
| खाँदै छ | खाँदै छन् |
| गर्छ | गर्छन् |

## ४. तल दिएका एकवचन र बहुवचनका वाक्यहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :

| एकवचन | बहुवचन |
|---|---|
| म घर जान्छु । | हामी घर जान्छौँ । |
| ऊ पढ्न गयो । | उनीहरू पढ्न गए । |
| यो मेरो कलम हो । | यी मेरा कलम हुन् । |
| बहिनी पूजा गर्छे । | बहिनीहरू पूजा गर्छन् । |
| त्यहाँ भाँडो छ । | त्यहाँ भाँडाहरू छन् । |



## अभ्यास

### १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| म | उनीहरू |
| तिमी | यिनीहरू |
| ऊ | तिनीहरू |
| यो | तपाईँहरू |
| त्यो | हामी |
| तपाईँ | तिमीहरू |

### २. तल दिएका शब्दहरूलाई एकवचन र बहुवचनमा छुट्याएर लेख्नुहोस् :

कलम, उनीहरू, गोरी, काला, छन्, मोटा, तँ, ऊ, केटाहरू, चराहरू, तारा, गाडी, प्रहरी, मन्त्री, भन्छ, बच्चा, पढ्छन्, गएँ, म, घण्टी, चरो, घोडा, सेता, बोल्यो, डल्लो, अग्ला, पातलो ।

| एकवचन | | बहुवचन | |
|---|---|---|---|
| ______ | ______ | ______ | ______ |
| ______ | ______ | ______ | ______ |
| ______ | ______ | ______ | ______ |
| ______ | ______ | ______ | ______ |
| ______ | ______ | ______ | ______ |

## ३. तल दिएका शब्दलाई बहुवचनमा बदल्नुहोस् :

| एकवचन | बहुवचन | एकवचन | बहुवचन |
|---|---|---|---|
| भन्छ | ______ | कालो | ______ |
| ऊँट | ______ | पातलो | ______ |
| किरा | ______ | खाएँ | ______ |
| म | ______ | होचो | ______ |
| त्यो | ______ | ऊ | ______ |
| देश | ______ | दुब्लो | ______ |
| राम्रो | ______ | गोरी | ______ |
| केटा | ______ | उनी | ______ |
| खायो | ______ | भन्यो | ______ |

## ४. तल दिएका वाक्यहरूको वचन छुट्याउनुहोस् :

(क) म बजार गएँ। ______________________

(ख) उनीहरू खाजा खान्छन्। ______________________

(ग) राम्रा केटाहरू आए । ____________________

(घ) अग्लो रूख ढल्यो । ____________________

(ङ) तिनीहरू पढ्न गए । ____________________

(च) म भात खाँदै छु । ____________________

(छ) सीता खेल्न गई । ____________________

**५. तलका एकवचनका वाक्यलाई बहुवचनमा बदल्नुहोस् :**

(क) भाइ खेल्न गयो ।

____________________

(ख) म पढ्न जान्छु ।

____________________

(ग) ऊ बिरामी छ ।

____________________

(घ) गाई घाँस खान्छ ।

____________________

(ङ) बाघ वनमा बस्छ ।

____________________

(च) केटो बजार गयो ।

____________________

(छ) चरो भुर्र उड्यो ।

____________________

(ज) यो मेरो घर हो ।

______________________________

६. **कोष्ठकबाट मिल्दो शब्द राखेर खाली ठाउँ भर्नुहोस्:**

(क) हरि विद्यालय ______________ । (जान्छ, जान्छन्, जान्छे)

(ख) गाईहरू चौरमा ______________ । (चर्छन्, चर्छ, चर्छिन्)

(ग) ऊ बजार ______________ । (जान्छु, जान्छ, जानुहुन्छ)

(घ) हामी घरमा ______________ । (बस्, बसे, बस्छौँ)

(ङ) बहिनीहरू माला ______________ । (उन्छ, उन्छन्, उन्छिन्)


(च) यो मेरो भाइ ______________ । (हो, हुनुहुन्छ, हुन्छिन्)

(छ) कलाकारहरू चित्र कोर्दै ______________ । (छ, छन्, छिन्)

एकाइ १०

# पुरुष

१. तल दिइएका चित्र हेर र पढ :




म विद्यार्थी हुँ ।



हामी किसान हौँ ।



तँ धेरै पढ्छस् ।



तिमी पाठ लेख्छौ ।



तपाईं खाना बनाउनुहुन्छ ।



ऊ घर जान्छ ।



उनी घाँस काट्छिन् ।



उनीहरू खेल्छन् ।

बोल्ने वक्ता, सुन्ने श्रोता र जसको बारेमा कुरा हुन्छ, त्यसलाई जनाउन प्रयोग गरिने सर्वनाम शब्दलाई पुरुष भनिन्छ ।

## २. पुरुषका प्रकार

### (क) प्रथम पुरुष



म फुटबल खेल्छु ।



हामी फुटबल खेल्छौँ ।

वाक्यमा प्रयोग भएको सर्वनाम शब्दले बोल्ने व्यक्तिलाई बुझायो भने त्यसलाई प्रथम पुरुष भनिन्छ ।

### (ख) द्वितीय पुरुष




तँ पाठ पढ्छस् ।
तिमी पाठ पढ्छौ ।
तपाईं पाठ पढ्नुहुन्छ ।



तिनीहरू पाठ पढ्छन् ।
तपाईंहरू पाठ पढ्नुहुन्छ ।

जोसँग कुरा गरिन्छ, उसैलाई बुझाउने पुरुषलाई द्वितीय पुरुष भनिन्छ ।

## (ग) तृतीय पुरुष



ऊ गृहकार्य गर्छ ।



उनीहरू गृहकार्य गर्छन् ।

जसको बारेमा कुरा गरिन्छ उसैलाई बुझाउने पुरुषलाई तृतीय पुरुष भनिन्छ ।

**३. तलका वाक्यमा प्रथम पुरुषको प्रयोग गरिएका छन् । पढ्नुहोस् र बुझ्नुहोस् :**

| | |
|---|---|
| म विद्यालय जान्छु । | हामी विद्यालय जान्छौँ । |
| म भात खान्छु । | हामी भात खान्छौँ । |
| मैले पाठ पढेँ । | हामीले पाठ पढ्यौँ । |
| म सरासर घर जान्छु । | हामी सरासर घर जान्छौँ । |
| मैले गीत गाएको छु । | हामीले गीत गाएका छौँ । |

**४. तलका वाक्यमा द्वितीय पुरुषको प्रयोग गरिएका गरिएका छन् । पढ्नुहोस् र बुझ्नुहोस् :**

| | |
|---|---|
| तँ घरमा बस् । | तिमी घरमा बस । |
| तपाईँ घरमा बस्नुहोस् । | तिमीहरू घरमा बस्छौ । |
| तिमी कहाँ जान्छौ ? | तिमी केरा खाऊ । |
| तपाईँहरू कहाँ जानुहुन्छ ? | हजुर सञ्चै हुनुहुन्छ ? |

**५. तलका वाक्यमा तृतीय पुरुषको प्रयोग गरिएको छन् । पढ्नुहोस् र बुझ्नुहोस् :**

| | |
|---|---|
| ऊ क्रिकेट खेल्छ । | उनी घर जान्छिन् । |
| उनीहरू काम गर्छन् । | ऊ चित्र बनाउँदै छ । |
| उहाँ कथा लेख्नुहुन्छ । | उनी घाँस काट्छिन् । |
| उनीहरू पाठ पढ्छन् । | उहाँ पढाउनुहुन्छ । |



## अभ्यास

**१. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| प्रथम पुरुष | ऊ, उनी, उनीहरू |
| द्वितीय पुरुष | म, हामी |
| तृतीय पुरुष | तँ, तिमी, तपाईं |

**२. तल दिएका शब्दलाई तालिकामा भर्नुहोस् :**

म, तँ, उनी, हामी, उनीहरू, तपाईं, तिमी

| प्रथम पुरुष | द्वितीय पुरुष | तृतीय पुरुष |
|---|---|---|
| ______ | ______ | ______ |
| ______ | ______ | ______ |
| ______ | ______ | ______ |

**३. तल दिएका वाक्यको पुरुष छुट्याउनुहोस् :**

(क) म घर जान्छु । ______

(ख) ऊ पढ्न गयो । ______

(ग) हामी फुटबल खेल्छौं । ______

(घ) उनी खाना खान्छिन् । ______

(ङ) तँ गृहकार्य गर्छस् । ______

(च) तपाईं आउनुहोस् । ______

## ४. कोष्ठकबाट मिल्ने शब्द छानेर खाली ठाउँमा लेख्नुहोस् :

(क) ______ चित्र कोर्छु । (हामी, म, तिमी)

(ख) ______ विद्यालय जान्छौं । (त, ऊ, हामी)

(ग) ______ घर जानुहुन्छ । (तिमी, तपाईं, ऊ)

(घ) ______ प्रथम भइस् । (ऊ, तँ, तिमी)

(ङ) ______ अहिलेसम्म आएनन् । (उनीहरू, ऊ, तिमी)

(च) ______ घर जान्छिन् । (तिमी, तँ, उनी)

(छ) ______ गीत गाउनुहुन्छ । (तँ, तिमी, तपाईं)

(ज) ______ मिहिनेत गरेर पढ्छौं । (तिनी, उनी, हामी)

(झ) ______ गाडी चलाउँछु । (हामी, म, तँ)

## ५. वाक्यमा प्रयोग गर्नुहोस् :

म : ______ ।

हामी : ______ ।

तँ : ______ ।

तिमी : ______ ।

तपाईं : ______ ।

ऊ : ______ ।

उनी : ______ ।

उनीहरू : ______ ।

एकाइ ११

# अव्यय


## १. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :



घरअगाडि धारो छ ।



मसित कलम छ ।



आहा ! कति राम्रो फूल ।



लौ, राम पो आएछ ।



राम फटाफट हिँड्छ ।



ऊ छिटो पढ्छ ।

रूप नफेरिने शब्दलाई अव्यय भनिन्छ ।

## २. अव्ययका प्रकार

### (क) नामयोगी



छानामाथि चरो छ ।



तिमीसँग पुस्तक छ ।



खोलातिर नजाऊ ।



टेबुलमुनि बल छ ।



खोलापारि खेत छ ।



मन्दिरपछाडि रूख छ ।

नाम वा सर्वनामसँग जोडिएर आउने शब्दलाई नामयोगी भनिन्छ । नामयोगीले नाम वा सर्वनामसँग सम्बन्ध राख्दछ । माथि, बाहिर, भित्र, भन्दा, तिर, तर्फ, बिना, बाहेक, देखि, नेर, अनुसार, सम्म, पछि आदि नामयोगी शब्द हुन् ।

## (ख) क्रियायोगी



रुख ज्यादै अग्लो छ ।



सीता छमछमी नाच्छे ।



चरो भुर्र उड्यो ।



तिमी राम्ररी पढ ।



म स्कुल गएर पढ्छु ।



गोपाल छिटो हिँड्छ ।

वाक्यमा क्रिया वा विशेषणको विशेषता बुझाउने शब्दलाई क्रियायोगी भनिन्छ । क्रियायोगीलाई क्रियाविशेषण पनि भनिन्छ । हिजो, बिस्तारै, फटाफट, कपाकप, खाएर, पढेर, थोरै, बोल्न, अहिले, मुसुक्क, दौडेर आदि क्रियायोगी शब्द हुन् ।

वाक्यमा प्रयोग भएका क्रियासँग कसरी ? किन ? कति ? कहाँ ? कहिले ? भन्ने प्रश्न गर्दा उत्तरको रूपमा आउने अव्यय क्रियाविशेषण हो ।


**तलका वाक्यहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :**

| | | |
|---|---|---|
| ऊ राम्ररी पढ्छ । | कसरी पढ्छ ? | राम्ररी |
| राम खाना खान बस्यो । | किन बस्यो ? | खान |
| सीता धेरै खेल्छे । | कति खेल्छे ? | धेरै |
| बुवा भोलि आउनुहुन्छ ? | कहिले आउनुहुन्छ ? | भोलि |
| म बाहिर घुम्न जान्न । | कता जान्नँ ? | बाहिर |
| हरि मन्दिरअगाडि छ ? | कहाँ छ ? | अगाडि |

## (ग) विस्मयादिबोधक



वाह ! मैले पुरस्कार पाएँ ।



आत्था ! आगोले पोल्यो ।



छि ! कस्तो फोहोर ।



आहा ! कति राम्रो फूल ।



आम्मै ! कस्तो मोटो मान्छे ।



आच्छु ! कति चिसो पानी ।

मानिसका मनमा उत्पन्न हुने खुसी, आश्चर्य, हर्ष, घृणा आदि बुझाउन आउने अव्यय शब्दलाई विस्मयादिबोधक शब्द भनिन्छ । यसमा उद्गार चिह्न ! को प्रयोग हुन्छ । आम्मै, कठै, ज्या, छि, हरे, आत्था, धत्, स्याबास्, वाह, ला, ओहो जस्ता शब्दहरू विस्मयादिबोधक शब्द हुन् ।

**तल दिएका विस्मयादिबोधक वाक्यहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :**

आच्छु ! साह्रै जाडो भयो ।
हरे ! ऊ त बितेछ ।
छि ! त्यहाँ कस्तो फोहोर रहेछ ।
ला ! मैले त भुसुक्क बिर्सेछु ।
अहो ! अफिस जान ढिलो भयो ।
कठै ! त्यो केटाले खान पाएन ।
स्याबास् ! यस्तै राम्रो काम गर ।

## (घ) संयोजक



राम आँप र स्याउ खान्छ ।



हरि र म सँगै पढ्छौं ।



हरि खुसी भयो किनभने ऊ प्रथम भयो ।



कविता केरा र खरबुजा खान्छिन् ।



पानी पऱ्यो अनि म गएँ ।



दिनेश खुसी भयो किनभने ऊ पनि प्रथम भयो ।



तिमीले गीत गायौ भने म नाच्छु ।



मलाई सन्चो छैन त्यसैले म विद्यालय गइन ।



तिमी भात खान्छौ वा रोटी ?

दुई अथवा दुईभन्दा बढी शब्द अथवा वाक्यलाई जोड्न आउने अव्यय शब्दलाई संयोजक भनिन्छ । र, तर, वा, अनि, किनकि, नत्र, वा, परन्तु, त्यसैले, कि, तसर्थ, तथा, अनि, त्यसकारण, अथवा, या आदि संयोजक हुन् ।

**तल दिएका वाक्यहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :**

पानी पऱ्यो भने जाडो हुन्छ ।
सीता आइ तर रमा आइन ।
मिहिनेत गरेर पढ नत्र फेल भइन्छ ।
जाडो भयो त्यसैले ज्याकेट लगाएँ ।
राम, गोपाल र श्याम विद्यालय जान्छन् ।
आँप, सुन्तला, केरा अथवा स्याउ के ल्याऊँ ?
तिमी चिया अथवा दूध के रुचाउँछौ ?

## (ङ) निपात



बहिनी त प्रथम भइछे ।



खै, झोलामा के छ ?



लौ, आमा पनि आइपुग्नु भएछ ।

आफ्नो छुट्टै अर्थ नहुने तर वाक्यमा प्रयोग हुँदा विशेष अर्थ बुझाउने शब्दलाई निपात भनिन्छ । ए, खै, पो, लौ, नि, त, अहँ, क्या, रे, क्यारे, अरे, नाइँजस्ता शब्दहरू निपात हुन् ।

**तल दिएका वाक्यहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :**

खोइ, मेरो कलम कहाँ छ त ?
उसले पौडी पो खेलिछे ।
भाइ जापान गयो रे ।
यो ठाउँको नाम सिस्नेरी हो क्यारे ।
भाइ भनेको बहिनी पो रहिछ ।
तिमी त काठमाडौँमा बस्छौ होइन ?
ऊ विद्यालय जाँदैन अरे ।



## अभ्यास

### समूह 'क'

**१. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| नामयोगी | पो, क्यारे, अरे |
| क्रियायोगी | कठै, ओहो, हरे |
| विस्मयादिबोधक | र, तर, पनि |
| संयोजक | राम्ररी, गएर, भुसुक्क |
| निपात | सँग, वारि, माथि |

**२. नामयोगी शब्द चिनेर खाली ठाउँमा लेख्नुहोस् :**

हामी, तिर, किनभने, पो, किताब, माथि, छाना, माथि, तर्फ,

घर, छिन्, भन्दा, बजार, नेपाल, पट्टि, कलम, अगाडि, रूख, पछाडि, बाट, खोला, जान्छ, पो, अनि, आहा, मुनि ।

---

---

---

---

## ३. मिल्दो नामयोगी शब्द छानेर खाली ठाउँमा भर्नुहोस् :

(क) तिम्रो घर ______________ चौर छ । (अगाडि, मात्र)

(ख) झोला ______________ पुस्तक छ । (तर्फ, भित्र)

(ग) हामी जाँदाजाँदै ______________ जङ्गल पुग्यौँ । (माथि, सम्म)

(घ) दराज ______________ कोट छ । (भित्र, बाट)

(ङ) ऊ ______________ मेरो कोही छैन ।(भित्र, बाहेक)

(च) छाना ______________ चरा छ । (भित्र, माथि)

(छ) गोमा आमा ______________ आई । (सित, भन्दा)

## ४. तलका नामयोगी शब्द राखेर वाक्य बनाउनुहोस् :

बाट : ______________ ।

भन्दा : ______________ ।

तिर : ______________ ।

तर्फ : ______________ ।

सित : ______________ ।

पट्टि : ______________________________ ।

सँग : ______________________________ ।

समेत : ______________________________ ।

अघि : ______________________________ ।

## समूह 'ख'

१. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| मुसुक्क | रोकिनु |
| छमछम | उड्नु |
| टक्क | हेर्नु |
| फटाफट | नाच्नु |
| भुर्र | निदाउनु |
| पुलुक्क | हिँड्नु |
| भुसुक्क | हाँस्नु |

२. **क्रियायोगी शब्द चिनेर गोलो ◯ घेरा लगाउनुहोस् :**

सित, अनि, र, पो, तर, बाहिर, गएर, सरासर, तर, वारि, लौ, आम्मै, सुन्छ, ऊ, बाहेक, पढ्न, अलि, अनि, भोलि, भित्र, मुनि, भन्दा, राम्ररी, हाँस्न, तथा, पोहर ।

३. **कोष्ठकबाट मिल्ने क्रियायोगी शब्द छानेर खाली ठाउँमा लेख्नुहोस् :**

(क) उनीहरू ______________ उठे ।(जुरुक्क, पुलुक्क)

(ख) गाडी ______________ रोकियो । (बाहेक, घ्याच्च)

(ग) रमाले गृहकार्य गर्न ______________ बिर्सिछे । (मुसुक्क, भुसुक्क)

(घ) ऊ ______________ विद्यालय गयो । (तर, सरासर)

(ङ) उनीहरू ______________ घर फर्किए । (घुमेर, त्यसैले)

(च) शीतको थोपा ______________ चुहियो । (तपतप, खलखल)

(छ) टुकी ______________ बल्दै छ । (टिलिक्क, पिलपिल)

## ४. तलका क्रियायोगी शब्द राखेर वाक्य बनाउनुहोस् :

सरासर : ______________ ।

बिस्तारै : ______________ ।

हिजो : ______________ ।

राम्ररी : ______________ ।

खुरुखुरु : ______________ ।

पारि : ______________ ।

सबेरै : ______________ ।

पढ्ने : ______________ ।

## समूह 'ग'

## १. तल दिएका विस्मयादिबोधक शब्द चिनेर खाली ठाउँमा लेख्नुहोस् :

घर, आम्मै, छिः, तथा, सम्म, पो, निर, आहा, सरासर, वाह, जान्छ, कालो, रातो, कठै, मेरो, वाह, कहाँ, आत्था, बिचरा, वा, त्यसैले, आच्छु, किताब ।

______________

______________

______________

## २. कोष्ठकबाट मिल्ने विस्मयादिबोधक छानेर खाली ठाउँमा लेख्नुहोस् :

(क) ____________ कति ठुलो बाघ । (आम्मै, आच्छु)

(ख) ____________ कति मिठो आँप रहेछ । (आह, बिचरा)

(ग) ____________ तिमीले यसरी नै काम गर्दै जाऊ । (ऐया, स्याबास्)

(घ) ____________ तिमी त कति राम्री भइछौ । (ओहो, कठै)

(ङ) ____________ ऊ त जाडोले काम्दै छ । (बिचरा, आहा)

(च) ____________ कति चिसो भयो । (स्यावास्, आच्छु)

(छ) ____________ आगोले पोल्यो । (आत्था, ओहो)

## ३. तलका विस्मयादिबोधक शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

स्याबास् : ____________________________________ ।

ओहो : ____________________________________ ।

आम्मै : ____________________________________ ।

धत् : ____________________________________ ।

कठै : ____________________________________ ।

छि : ____________________________________ ।

ज्या : ____________________________________ ।

## समूह 'घ'

## १. तलका संयोजक शब्द चिनेर लेख्नुहोस् :

सित, पनि, वारि, हिजो, तर, पो, अनि, जब, पढ्छ, जान्छ, सेतो, कालो, तर, भित्र, खान्छ, धत्, स्याबास्, र, वा, कठै, त्यसैले, गोडा, तसर्थ, खोइ, तब, भने, नि, पो, किन्तु, तापनि, किनभने, भयो ।

___

___

___

___

२. **कोष्ठकबाट मिल्ने संयोजक छानेर खाली ठाउँमा लेख्नुहोस् :**

(क) म बजार जान्छु ______ कलम किन्छु । (अनि, किनभने)

(ख) राम विद्यालय गएन ______ उसलाई सञ्चो छैन । (र, किनभने)

(ग) तिमी आयौ ______ श्याम आएन । (तर, पनि)

(घ) हरि ______ गोपाल विद्यालय गए । (त्यसैले, र)

(ङ) जाडो भयो ______ ज्याकेट लगाएँ । (पनि, त्यसैले)

(च) म घर जान्छु ______ खाजा खान्छु । (तर, अनि)

(छ) चिया ______ कफी के रुचाउनुहुन्छ । (कि, र)

(ज) पानी पर्‍यो ______ जाडो बढ्छ । (पनि, भने)

३. **तलका संयोजक प्रयोग गरी वाक्य बनाउनुहोस् :**

पनि : ______ ।

अनि : ______ ।

तर : ______ ।

वा : ______ ।

किनभने : ______ ।

र : ______ ।

त्यसैले : ______ ।

तसर्थ : ______________________________ ।

नत्र : ______________________________ ।

तथा : ______________________________ ।

## समूह 'ङ'

**१. तलका निपात शब्द चिनेर लेख्नुहोस् :**

तिनी, पो, अरे, यहाँ, स्याबास्, किनकि, रे, अनि, सँग, सित, क्यारे, आए, खै, तर, पनि, नि, छ, के, खै, त, रहेछ, सेतो, हँ, त्यसैले, जब, लौ, नाइँ, क्यारे, छिट्टै, ब्यारे

______________________________

______________________________

______________________________

______________________________

**२. खाली ठाउँमा मिल्ने निपात छानेर भर्नुहोस् :**

(क) तिमी ________ सफल भइछौ । (पो, हँ)

(ख) उनीहरू घुम्न गएका छन् ________ । (पो, रे)

(ग) राम आयो भनेको ________ श्याम पो आएछ । (त, र)

(घ) तिमी छट्टै घर आऊ ________ । (पो, है)

(ङ) जाने भए जाऊ ________ । (ल, न)

(च) तिमीले त्यसो भनेर कहाँ हुन्छ ________ ? (नि, र)

(छ) ________ अब अलि चाँडो जाऔँ । (अहँ, लौ)

(ज) तिमी यहाँ के गरेर बसेको ________ ? (हँ, पो)

३. तलका निपात प्रयोग गरेर वाक्यमा प्रयोग गर्नुहोस् :

ल : ______________________________ ।

लौ : ______________________________ ।

पो : ______________________________ ।

नि : ______________________________ ।

हँ : ______________________________ ।

त : ______________________________ ।

क्यारे : ______________________________ ।

अहँ : ______________________________ ।

अरे : ______________________________ ।

एकाइ १२

# करण र अकरण

१. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :

## करण



म विद्यालय जान्छु ।



सीता गीत गाउँछे ।



म गृहकार्य गर्छु ।



गोपाल फुटबल खेल्छ ।

## अकरण



म विद्यालय जान्न ।



सीता गीत गाउँदिन ।



म गृहकार्य गर्दिन ।



गोपाल फुटबल खेल्दैन ।


छ अथवा हो भन्ने अर्थ बुझाउने क्रियापदलाई करण भनिन्छ । छैन अथवा होइन भन्ने अर्थ बुझाउने क्रियापदलाई अकरण भनिन्छ । करणलाई अकरणमा बदल्दा 'न' थप्नुपर्छ ।

## २. तल दिएका वाक्यहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :

| करण | अकरण |
|---|---|
| राम पाठ पढ्छ । | राम पाठ पढ्दैन । |
| राम पाठ पढ्दै छ । | राम पाठ पढ्दै छैन । |
| रामले पाठ पढ्यो । | रामले पाठ पढेन । |
| राम पाठ पढ्दै थियो । | राम पाठ पढ्दै थिएन । |
| रामले पाठ पढेको थियो । | रामले पाठ पढेको थिएन । |
| रामले पाठ पढेछ । | रामले पाठ पढेनछ । |

## ३. तल दिएका वाक्यहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :

| करण | अकरण |
|---|---|
| म खेत खन्छु । | म खेत खन्दिन । |
| हामी खेत खन्छौँ । | हामी खेत खन्दैनौँ । |
| तँ खेत खन्छस् । | तँ खेत खन्दैनस् । |
| तिमी खेत खन्छौ । | तिमी खेत खन्दैनौ । |
| तपाईँ खेत खन्नुहुन्छ । | तपाईँ खेत खन्नुहुन्न । |
| ऊ खेत खन्छ । | ऊ खेत खन्दैन । |
| उनी खेत खन्छिन् । | उनी खेत खन्दिनन् । |
| उनीहरू खेत खन्छन् । | उनीहरू खेत खन्दैनन् । |



## अभ्यास

१. **तल दिएका करण क्रियापदलाई अकरणमा बदल्नुहोस् :**

पढ्छ : ____________ लेख्यो : ____________

हो : ____________ सुत्छ : ____________

गइ : ____________ खाएछ : ____________

लेखाउँछ : ____________ जाला : ____________

खाँदै थिएँ : ____________ होला : ____________

रोप्छ : ____________ हिँड्दै छन् : ____________

होला ____________ खेल्थी : ____________

२. **तलका वाक्यहरू करण अथवा अकरण के हुन् ? चिनेर लेख्नुहोस् :**

(क) तिमी घर जाऊ । ____________

(ख) ऊ उत्तीर्ण हुँदैन । ____________

(ग) रमा खाँदै थिई । ____________

(घ) म उसलाई भेट्दिन । ____________

(ङ) उसले गीत गायो । ____________

(च) रमाले पढ्न सकिन । ____________

(छ) उनीहरू पौडी खेल्छन् । ____________

(ज) म पूजा गर्छु । ____________

३. **तल दिएका वाक्यलाई अकरण बनाउनुहोस् :**

(क) बहिनी भात खान्छे । ____________

(ख) म बजार जान्छु । ____________________

(ग) उनीहरू घुम्न जान्छन् । ____________________

(घ) सीता पाठ पढ्दै छिन् । ____________________

(ङ) हामी गीत गाउँछौँ । ____________________

(च) भाइ हाँस्छ । ____________________

(छ) बाटो हिलो छ । ____________________

(ज) उनी गृहकार्य गर्छिन् । ____________________

(झ) दोर्जे राम्ररी पढ्छ । ____________________

## ४. तल दिएका वाक्यलाई करण बनाउनुहोस् :

(क) उनीहरू हिँड्दै छैनन् । ____________________

(ख) हरि घर नजाला । ____________________

(ग) छिरिङ पाठ नपढ्ला । ____________________

(घ) उनीहरू पौडी खेल्दैनन् । ____________________

(ङ) हामी गीत गाउँछौँ । ____________________

(च) उनीहरू उठेनन् । ____________________

(छ) मैले उसलाई देखिन । ____________________

(ज) आमा घरमा हुनुहुन्न । ____________________

(झ) तिमीले मलाई बोलाएनौ । ____________________

## ५. तल दिएका क्रियापदलाई तालिकामा भर्नुहोस् :

रोला, होइन, सुत्छ, थिएन, जाला, भएन छ, जाँदै थियो,

लैजानु भएन, छैनौ, हो, खेल्थे, खाने छु, गयो, जाने छैन, बस्दैनन्, जादैन, नखाऊ, हुन्छन्, हुँदैन, सिकेन, हिँड्दै छ ।

| करण | अकरण |
| --- | --- |
| | |
| | |
| | |
| | |
| | |
| | |

## ६. तल दिएको चित्र कहाँको हो पत्ता लगाउनुहोस् :



एकाइ १३

# काल र पक्ष

१. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :



म पाठ पढ्छु ।



भाइ खेल्दै छ ।



साने घर गयो ।



हामीले खेलेका थियौँ ।



दिदी मन्दिर जानुहुने छ ।



उनीहरूले खेलेका थिए ।

काल भनेको समय हो । क्रियापदले वर्णन गरेको कालको समयलाई बुझाउने क्रियाको रूपलाई **काल** भनिन्छ ।

## २. कालका प्रकार

काल तीन प्रकारका छन् :

(क) भूतकाल (ख) वर्तमान काल (ग) भविष्यत् काल

### (क) भूतकाल


मैले पाठ पढेँ ।


हरि स्कुल जाँदै थियो ।


सुजनले गीत गाएको थियो ।

बितेको समयलाई जनाउने क्रियाको रूपलाई भूतकाल भनिन्छ । यसले काम वा घटना बितेको समयमा भइसकेको, हुँदै थियो वा भएको थियो भन्ने अर्थ बुझाउँछ ।

### १. सामान्य भूतकाल


बहिनी रोई ।


म बजार गएँ ।


राधाले घाँस काटी ।

बितेको समयमा कुनै काम भएको जनाउने क्रियाको पक्षलाई सामान्य भूतकाल भनिन्छ ।

## २. अपूर्ण भूतकाल



राम खेल्दै थियो ।



सीता पढ्दै थिई ।



उनीहरू नाच्दै थिए ।

बितेको समयमा कुनै काम हुँदै थियो भन्ने जनाउने क्रियाको पक्षको रूपलाई अपूर्ण भूतकाल भनिन्छ ।

## ३. पूर्ण भूतकाल



मैले लेखेको थिएँ ।



दावाले खेलेको थियो ।



उनीहरूले नाचेका थिए ।

बितेको समयमा कुनै काम पूरा भएको जनाउने क्रियाको पक्षलाई पूर्ण भूतकाल भनिन्छ ।

## (ख) वर्तमान काल



म चित्र बनाउँछु ।



सीता र रीता धान रोप्दैछन् ।



उनीहरू बजार जाँदै छन् ।

वर्तमान काल भनेको अहिलेको समय हो । यसले कुनै काम अथवा घटना अहिले हुन्छ, हुँदैन अथवा भएको छ भन्ने बुझाउँछ ।

## वर्तमान कालका पक्ष

### १. सामान्य वर्तमान काल



राम गृहकार्य गर्छ ।



किसान खेत खन्छ ।



म विद्यालय जान्छु ।

अहिलेको समयमा कुनै काम हुन्छ भनेर बुझाउने क्रियाको पक्षलाई सामान्य वर्तमान काल भनिन्छ ।

### २. अपूर्ण वर्तमान काल



राम बजार जाँदै छ ।



उनीहरू खेल्दै छन् ।



सीता घाँस काट्दै छे ।

अहिलेको समयमा कुनै काम लगातार भएको तर पूरा नभएको जनाउने क्रियाको पक्षलाई अपूर्ण वर्तमान काल भनिन्छ ।

### ३. पूर्ण वर्तमान काल



उनी सुतेकी छिन् ।



गरिमाले लुगा धोएकी छिन् ।



हरिले नाचेको छ ।

अहिलेको समयमा काम पूरा भएको छ भन्ने जनाउने क्रियाको पक्षलाई पूर्ण वर्तमान काल भनिन्छ ।

## (ग) भविष्यत् काल

### १. तलको चित्र हेर र पढ :



म बजार जाने छु ।



म बजार जाँदै हुने छु ।



म बजार गएको हुने छु ।

पछि हुने कामको बारेमा जानकारी दिने काललाई भविष्यत् काल भनिन्छ ।

### भविष्यत् कालका पक्ष

### १. सामान्य भविष्यत् काल



तिमी गीत गाउने छौ ।



म चित्र कोर्ने छु ।



उनीहरू खेल्ने छन् ।

## २. अपूर्ण भविष्यत् काल



राम बजार जाँदै हुने छ ।




किसान खेत खन्दै हुने छ ।



उनी घाँस काट्दै हुने छिन् ।

पछि आउने समयमा कुनै काम भइरहेको हुनेछ भन्ने जनाउने क्रियाको पक्षलाई **अपूर्ण भविष्यत् काल** भनिन्छ ।

## ३. पूर्ण भविष्यत् काल



मैले पढेको हुने छु ।



रामले खाएको हुने छ ।



उनीहरूले खेलेका हुने छन् ।

पछि आउने समयमा काम पूरा भइसकेको अवस्था जनाउने क्रियाको रूपलाई **पूर्ण भविष्यत् काल** भनिन्छ ।

## अभ्यास

### १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| भूतकाल | म घर जान्छु । |
| वर्तमान काल | म घर जाने छु । |
| भविष्यत् काल | म घर गएँ । |

२. तलका क्रियापद छानी तालिकामा भर्नुहोस् :

खान्छ, पढ्यो, जाने छ, भन्छ, सुन्छ, चरायो, खाँदै थियो, बस्छिन्, बोल्छ, टेक्छन्, पकाउँछ, किन्ने छ, लेख्छ, पढ्नुहुन्छ, रुन्छे, गयो, गई, भेट्यो, भन्ने छ, धुने छ, पकाउँछ ।

| वर्तमान काल | भूतकाल | भविष्यत् काल |
|---|---|---|
| ________ | ________ | ________ |
| ________ | ________ | ________ |
| ________ | ________ | ________ |

३. तलका सामान्य क्रियापदलाई अपूर्ण र पूर्ण वर्तमान कालका पक्षमा बदल्नुहोस् :

| सामान्य वर्तमान | अपूर्ण वर्तमान | पूर्ण वर्तमान |
|---|---|---|
| सुन्छ | ________ | ________ |
| लेख्छ | ________ | ________ |
| पढ्छे | ________ | ________ |
| भन्नुहुन्छ | ________ | ________ |
| लेख | | |

४. तलका सामान्य क्रियापदलाई अपूर्ण र पूर्ण भूतकालका पक्षमा बदल्नुहोस् :

| सामान्य भूत | अपूर्ण भूत | पूर्ण भूत |
|---|---|---|
| खन्यो | ________ | ________ |
| सुन्यो | ________ | ________ |
| पढ्यो | ________ | ________ |
| लेख्यो | ________ | ________ |
| भन्नुभयो | ________ | ________ |
| लेख्यो | ________ | ________ |

५. तलका सामान्य भविष्यत् कालका क्रियापदलाई अपूर्ण र पूर्ण भविष्यत् कालमा बदल्नुहोस् :

| सामान्य भविष्यत् काल | अपूर्ण भविष्यत् काल | पूर्ण भविष्यत् काल |
|---|---|---|
| पढ्ने छु | ________ | ________ |
| जाने छु | ________ | ________ |
| खाने छन् | ________ | ________ |
| बस्ने छौ | ________ | ________ |
| भन्ने छ | ________ | ________ |

६. तलका वाक्य कुन–कुन कालका हुन् ? छुट्याएर लेख्नुहोस् :

(क) म चित्र कोर्छु । ________

(ख) राम बजार जाने छ । ________

(ग) सीता विद्यालय गई । ________

(घ) हामी खेत खन्दै छौँ । ________

(ङ) ऊ मामाघर गएकी हुनेछे । ________

(च) भाइ खेल्न गयो । ________

७. तलका वाक्यलाई भूतकालमा बदल्नुहोस् :

(क) रमा घुम्न गई । ________

(ख) तिमीहरू बजारतिर जान्छौ । ________

(ग) म सबेरै उठ्छु । ________

(घ) हामी छमछमी नाच्दै छौँ । ______________________

(ङ) हिमालमा धेरै हिउँ पर्छ । ______________________

**८. तलका वाक्यलाई भविष्यत् कालमा बदल्नुहोस् :**

(क) राम विद्यालयमा बस्यो । ______________________

(ख) तँ बजार जान्छस् । ______________________

(ग) उनीहरू ठुलो मान्छे बने । ______________________

(घ) आमा खाना पकाउँदै हुनुहुन्छ । ______________________

(ङ) सरिता प्रथम हुन्छे । ______________________

**९. तलका वाक्यलाई वर्तमान कालमा परिवर्तन गर्नुहोस् :**

(क) म फुटबल खेल्दै थिएँ ।

______________________

(ख) ऊ घाँस काट्दै थिई ।

______________________

(ग) राम बजार जानेछ ।

______________________

(घ) बुवाले पढाउनुभयो ।

______________________

(ङ) उनीहरू जाँदै थिए ।

______________________

## एकाइ १४

# आदरार्थी

१. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :



तँ पाठ पढ्छस् ।



तिमी पाठ पढ्छौ ।



तपाईं पाठ पढ्नुहुन्छ ।



ऊ पाठ पढ्छ ।



उनी पाठ पढ्छिन् ।



उहाँ पाठ पढ्नुहुन्छ ।

## २. आदरार्थीका प्रकार

### (क) सामान्य आदरार्थी



तँ क्रिकेट खेल्छस् ।



ऊ किताब पढ्छ ।



तँ भात खान्छस् ।

आफूभन्दा साना अथवा आफू समानका व्यक्तिलाई प्रयोग गरिने तँ, ऊ जस्ता सर्वनाम शब्द सामान्य आदरार्थी हुन् ।

### (ख) मध्यम आदरार्थी



तिमी खाना खान्छौ ।



उनी पाठ पढ्छिन् ।



तिमी पत्रिका पढ्छौ ।

समान व्यक्तिलाई प्रयोग गरिने तिमी अथवा उनी जस्ता सर्वनाम शब्द मध्यम आदरार्थी हुन् ।

### (ग) उच्च आदरार्थी



तपाईं खाना बनाउनुहुन्छ ।



उहाँ काम गर्नुहुन्छ ।



तपाईं मेचमा बस्नुहुन्छ ।

आफूभन्दा ठुला व्यक्तिलाई प्रयोग गरिने तपाईं, अथवा उहाँ जस्ता सर्वनाम शब्द उच्च आदरार्थी हुन् ।



## अभ्यास

**१. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सामान्य आदरार्थी | तपाईं, उहाँ |
| मध्यम आदरार्थी | तँ, ऊ |
| उच्च आदरार्थी | तिमी, उनी |

**२. तल दिएका शब्दलाई तालिकामा भर्नुहोस् :**

तँ, ऊ, तिमी, खान्छ, खायौ, खाइस्, खान्छ, तपाईं, खानुहुन्छ, बस्ने छ, उनी, खान्छिन्, उहाँ, खान्छ, खान्छे, बस्छस्, बस्नुहुन्छ, गर्छ, लिन्छ, लगाइस्, भन्नुहुन्छ

| सामान्य आदरार्थी | मध्यम आदरार्थी | उच्च आदरार्थी |
|---|---|---|
| ______ | ______ | ______ |
| ______ | ______ | ______ |
| ______ | ______ | ______ |
| ______ | ______ | ______ |
| ______ | ______ | ______ |

**३. तल दिएका वाक्यलाई अर्को आदरार्थीमा बदलेर लेख्नुहोस् :**

(क) तँ खेल्न जान्छस् । ______________________

(ख) उहाँ घरमा हुनुहुन्छ । ______________________

(ग) उनी खाना खान्छिन् । ______

(घ) तपाईं घुम्न जानुहुन्छ । ______

(ङ) ऊ खाना खान्छ । ______

(च) उनी धेरै पढ्छिन् । ______

(छ) उहाँ पढाउनुहुन्छ । ______

(ज) तँ घरमा बस् । ______

**४. तलका वाक्यलाई मध्यम आदरार्थीमा बदल्नुहोस् :**

(क) तपाईं खाना खानुहुन्छ । ______

(ख) ऊ खेल्न जान्छ । ______

(ग) तँ चकचक गर्छस् । ______

(घ) उहाँ घरमा हुनुहुन्छ । ______

(ङ) तपाईं खेत खन्नुहुन्छ । ______

**५. तलका वाक्यलाई उच्च आदरार्थीमा बदल्नुहोस् :**

(क) तिमी खेल्न जाऊ । ______

ख) तँ धेरै रुन्छस् । ______

(ग) उनी फूल टिप्छिन् । ______

(घ) तिमी कहिले आयौ ? ______

(ङ) तँ राम्ररी पढ् । ______

एकाइ १५

# विभक्ति

१. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :



टेबलमा पुस्तक छ ।



रूखबाट पात झर्‍यो ।



यो हरिको घर हो ।



बुवाले मलाई कलम दिनुभयो ।



भाइ चम्चाले भात खान्छ ।



राम हिजोदेखि बिरामी छ ।



राम आमालाई सघाउँछ ।



गुरुबाट आज्ञा भयो ।




यो बस धरानदेखि आउँदै छ ।

शब्दका पछाडि जोडिन आउने ले, लाई, देखि, बाट, को, का, की, रो, रा, री, नो, ना, नी, मा, माथि आदिलाई विभक्ति भनिन्छ ।

**विभक्ति प्रयोग भएका वाक्यहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :**

रामले बहिनीलाई कलम दियो ।

म पोखरादेखि घर आएँ ।

बहिनीले चक्कुले आँप काटी ।

रूखबाट स्याऊ खस्यो ।

मैले रामायण पढेको छु ।

दाजुले मेरो लागि फुटबल किन्नुभयो ।

रामद्वारा रावण मारियो ।

बुवाबाट आज्ञा भयो ।

म हिजोदेखि पोखरामा छु ।

तिमीले गीत गायौ ।

उसको भाइ हरायो ।

विभक्तिलाई छुट्टै लेख्दा अर्थ आउँदैन । विभक्ति अन्य शब्दसँग जोडिएर आउँछ । विभक्तिले विशेष अर्थ मात्र दिन्छ ।



## अभ्यास

**१. मिल्ने विभक्ति राखेर खाली ठाउँ भर्नुहोस् :**

(क) तिमी ______ खाना खायौ । (ले, लाई, बाट)
(ख) म भाइ ______ कलम दिन्छु । (देखि, लाई)
(ग) ऊ बजार ______ आएको छैन । (बाट, ले, लाई)
(घ) रूख ______ हाँगा भाँचिएछ । (रो, ले, को)
(ङ) आमा घर ______ हुनुहुन्छ । (मा, कि, रो)
(च) गुरु ______ कक्षामा कविता पढाउनुभयो । (ले, को, रो)
(छ) आमाले मेरा ______ पुस्तक ल्याइदिनुभयो । (लागि, बाट, देखि)
(ज) राजु बस ______ ओर्लियो । (ले, लाई, बाट)
(झ) टेबल ______ पुस्तक राख । (ले, मा, देखि)

**२. तल दिएका विभक्ति चिह्न राखी वाक्य बनाउनुहोस् :**

ले : ______ ।
लाई : ______ ।
देखि : ______ ।
बाट : ______ ।
मा : ______ ।
को : ______ ।
का : ______ ।
रो : ______ ।

**३. तल दिएका अनुच्छेदमा भएका विभक्तिलाई गोलो ◯ घेरा लगाउनुहोस् :**

म हिजोदेखि काठमाडौँमा छु । मैले काठमाडौँमा काका र काकीलाई भेटेँ । त्यहाँ बस्दा मैले बसबाट यात्रा गरे । चम्चाले भात खाएँ । मेरो घुम्ने इच्छा भएकाले विभिन्न सहर घुम्न गएँ । काका र काकीले मलाई घुमाउनु भयो । आफ्नो घुम्ने इच्छा पूरा पनि भयो ।

एकाइ १६

# वाक्य

## १. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :



म चिया खान्छु ।



म घर जान्छु ।



गोपाल घर गए ।



जब पानी पऱ्यो तब जाडो भयो ।

शब्द शब्द मिलेर बनेको अर्थ लाग्ने भनाइलाई **वाक्य** भनिन्छ ।

## २. वाक्यका प्रकार

(क) सरल वाक्य (ख) संयुक्त वाक्य (ग) मिश्र वाक्य

### (क) सरल वाक्य



मलाई सञ्चो छैन ।



राम पढ्छ अनि लेख्छ ।

एउटा कर्ता र एउटा क्रियाबाट बनेको वाक्यलाई **सरल वाक्य** भनिन्छ ।

## (ख) संयुक्त वाक्य





तिमी आयौ तर राम आएन । तिमी चिया अथवा दूध के खान्छौ ?

दुई अथवा दुईभन्दा बढी स्वतन्त्र वाक्यलाई र, तर, वा, भने, अनि जस्ता संयोजकले जोडेर बनको वाक्यलाई संयुक्त वाक्य भनिन्छ ।

## (ग) मिश्र वाक्य





जब पानी पर्छ तब जाडो हुन्छ । तिमी भन्छौ भने म गाउँछु ।

मुख्य उपवाक्य र अधीन उपवाक्य लाई, भने, जो, जे, जुन, जसले जस्ता संयोजकले जोडेर बनेका वाक्यलाई मिश्र वाक्य भनिन्छ ।

**तल दिएका वाक्यहरू पढ्नुहोस् अनि बुझ्नुहोस् :**

## सरल वाक्य

राम ज्ञानी छ ।

मैले पाठ पढेँ ।

गोपाल भकुन्डो खेल्छ ।

उनीहरू विद्यालय जान्छन् ।

बुवा घरमा हुनुहुन्छ ।

## संयुक्त वाक्य

म घर जान्छु र पढ्छु ।

म आऊँ कि जाऊ ।

सजना हिँडी त्यसैले घर पुगी ।

हरि आयो भने म जान्छु ।

दावा आयो तर हर्क आएन ।


## मिश्र वाक्य

जो परिश्रमी छ ऊ सफल हुन्छ ।

जब पानी पर्छ तब हिलो हुन्छ ।

जसले हान्यो उसले जान्यो ।

जब बिहान भयो तब भाले बास्यो ।



## अभ्यास

१. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सरल वाक्य | जो राम्ररी पढ्छ त्यो उत्तीर्ण हुन्छ । |
| संयुक्त वाक्य | म परिश्रम गर्छु । |
| मिश्र वाक्य | देशको सेवा गर अनि नाम कमाउ । |

२. तल दिएका वाक्य सरल, संयुक्त र मिश्रमध्ये कुन कुन हुन् छुट्याएर लेख्नुहोस् :

(क) म विद्यालय गएर पढ्छु । ______________________ ।

(ख) राम र श्याम बजार गए । ______________________ ।

(ग) जो परिश्रमी छ ऊ सफल हुन्छ । ______________________ ।

(घ) तिमी जान्छौ भने म पनि जान्छु । ______________________ ।

(ङ) तिमी चिया अथवा पानी के पिउँछौ ? ______________________ ।

(च) म कलम किन्दिन किनभने मसँग पैसा छैन । ______________________ ।

(छ) तिमी जाऊ तर म जान्न । ______________________ ।

(ज) राम घरमा बसेर आराम गर । ______________________ ।

३. तल दिएका संयोजक शब्द प्रयोग गरेर वाक्य बनाउनुहोस् :

जब : ______________________ ।

र : ______________________ ।

तर : ______________________ ।

पनि : ______________________ ।

त्यसैले : ______________________ ।

किनभने : ______________________ ।

जहाँ : ______________________ ।

जो : ______________________ ।

एकाइ १७

# पदमेल

## १. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :




पुलिङ्ग
एकवचन
प्रथम पुरुष

म चिया खान्छु ।



स्त्रीलिङ्ग
एकवचन
तृतीय पुरुष
मध्यम आदर

उनी पाठ पढ्छिन् ।



पुलिङ्ग
बहुवचन
प्रथम पुरुष

हामी पाठ पढ्छौं ।



स्त्रीलिङ्ग
एकवचन
तृतीय पुरुष
उच्च आदर

दिदी पढाउनुहुन्छ ।

वाक्यमा कर्ताको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियापद मिलाएर राख्ने प्रक्रियालाई पदमेल भनिन्छ ।

### (क) लिङ्गका आधारमा पदमेल

| पदमेल नभएका वाक्य | पदमेल भएका वाक्य |
|---|---|
| रामले किताब किनी । | रामले किताब किन्यो । |
| सीता बजार जान्छ । | सीता बजार जान्छे । |
| भाइ खेल्न जान्छे | भाइ खेल्न जान्छ । |
| उनी पूजा गर्छ । | उनी पूजा गर्छिन् । |

### (ख) वचनका आधारमा पदमेल


| पदमेल नभएका वाक्य | पदमेल भएका वाक्य |
|---|---|
| ऊ खेल्न जान्छन् । | ऊ खेल्न जान्छ । |
| हामी पाठ पढ्छ । | हामी पाठ पढ्छौँ । |
| तँ तरकारी काट्छन् । | तँ तरकारी काट्छस् । |
| छात्राहरू रमायो । | छात्राहरू रमाए । |

### (ग) पुरुषका आधारमा पदमेल

| पदमेल नभएका वाक्य | पदमेल भएका वाक्य |
|---|---|
| म पुस्तक पढ्छ । | म पुस्तक पढ्छु । |
| उनीहरू घर गयो । | उनीहरू घर गए । |
| तँ चकचक गर्नुहुन्छ । | तँ चकचक गर्छस् । |
| ऊ खाना खान्छु । | ऊ खाना खान्छ । |

### (घ) आदरका आधारमा पदमेल

| पदमेल नभएका वाक्य | पदमेल भएका वाक्य |
|---|---|
| ऊ घर गइन् । | ऊ घर गयो । |
| तपाईँ खाना खान्छ । | तपाईँ खाना खानुहुन्छ । |
| उनी चित्र कोर्छ । | उनी चित्र कोर्छिन् । |
| उहाँ घर जान्छ । | उहाँ घर जानुहुन्छ । |
| तिमी पाठ पढ्छ । | तिमी पाठ पढ्छौ । |



## अभ्यास

**१. पदक्रम मिलेका वाक्यमा ठिक (✗) र नमिलेका वाक्यमा (✓) बेठिक चिह्न लगाउनुहोस् :**

(क) म स्याउ खान्छ । ______

(ख) ऊ पढ्न गयो । ______

(ग) तपाईं घर जाऊ । ______

(घ) रमा वनभोज जान्छ । ______

(ङ) यात्रुहरू बसबाट झर्छ । ______

(च) हामी खेल्न जान्छौं । ______

(छ) उहाँ चित्र कोर्छ । ______

**२. कोष्ठकबाट मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् :**

(क) भरिया भारी ______ । (बोक्छन्, बोक्छ, बोक्छे)

(ख) हामी पत्रिका ______ । (पढ्छ, पढ्छौं, पढ्छे)

(ग) म विद्यालयमा ______ । (पढ्छिन्, पढ्छे, पढ्छु)

(घ) रमा खेल्न ______ । (जान्छे, जानुहुन्छ, जान्छन्)

(ङ) उसले खाना ______ । (खान्छिन्, खायो, खान्छन्)

**३. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| म | जान्छस् |
| हामी | जान्छौ |
| तँ | जानुहुन्छ |
| तिमी | जान्छु |
| तपाईं | जान्छ |
| ऊ | जान्छिन् |
| उनी | जान्छौं |

**४. तलका वाक्यमा कर्ताअनुसार क्रियापद मिलाउनुहोस् :**

(क) हरि विद्यालय जान्छिन् ।

(ख) म पोखरा जान्छे ।

(ग) सुजन विद्यालयबाट आउँछे ।

(घ) तिमी घुम्न जान्छे ।

(ङ) ऊ खाना खान्छिन् ।

(च) उहाँ घरमा बस्छ ।

(छ) विद्यार्थीहरू खेल्छ ।

**५. तल दिएको चित्र कुन ठाउँको हो पत्ता लगाउनुहोस् :**



# शब्दभण्डार

## पर्यायवाची शब्द

१. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :



आकाश
सगर
गगन



संसार
विश्व
जगत



आमा
माता
मुमा




चन्द्रमा
जून
शशी



कपाल
रौँ
केश



ताल
तलाऊ
दह



आगो

अग्नि

अनल



पुस्तक


किताब

ग्रन्थ

उस्तै अर्थ बुझाउने शब्दलाई **पर्यायवाची शब्द** भनिन्छ ।

## २. तल दिएका पर्यायवाची शब्द पढ्नुहोस् :

| | | | |
|---|---|---|---|
| रूपैयाँ : | मुद्रा, पैसा, दाम | ऋषि : | मुनि, तपस्वी |
| बाटो : | मार्ग, पथ | दीप : | दियो, बत्ती |
| साथी : | मित्र, सखा, सँगी | इच्छा : | चाहना, कामना |
| गरिब : | निर्धो, दीन | धेरै : | निकै, बढी, अति |
| रूख : | वृक्ष, तरु | गोडा : | पाउ, खुट्टा |
| पहाड : | पर्वत, गिरि, शैल | पृथ्वी : | धरा, धर्ती |
| देवालय : | मन्दिर, देवस्थान, देवल | कक्षा : | वर्ग, स्तर, श्रेणी |
| मानिस : | मान्छे, मनुष्य | आँखा : | नयन, नेत्र |
| कोशिस : | प्रयत्न, प्रयास | बल : | क्षमता, तागत |



## अभ्यास

**१. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| पुस्तक | बतास |
| बुवा | पैसा |
| हावा | महिला |
| रूपैयाँ | वृक्ष |
| माता | आमा |
| रूख | बा |
| आगो | किताब |

**२. तलका शब्दको पर्यायवाची शब्द लेख्नुहोस् :**

गरिब : ______________ पुस्तक : ______________

नारी : ______________ धेरै : ______________

हात : ______________ चन्द्रमा : ______________

पृथ्वी : ______________ आकाश : ______________

खुट्टा : ______________ नारी : ______________

मन्दिर : ______________

**३. उपयुक्त शब्द राखी खाली ठाउँ भर्नुहोस् :**

(क) रूख को पर्यायवाची शब्द ______________ हो ।

(ख) सूर्य को पर्यायवाची शब्द ______________ हो ।


(ग) शिशु को पर्यायवाची शब्द ______________ हो ।


(घ) पति को पर्यायवाची शब्द ______________ हो ।

(ङ) पहाड को पर्यायवाची शब्द ______________ हो ।

## विपरीतार्थक शब्द

**१. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :**


अग्लो


होचो


अँध्यारो


उज्यालो


बालक


वृद्ध


रोगी


निरोगी


साधु


चोर


मानव


दानव


बिहान


साँझ


हाँस्नु


रुनु

उल्टो अर्थ बुझाउने शब्दलाई **विपरीतार्थक शब्द** भनिन्छ ।

## २. तल दिएका विपरीतार्थक शब्द पढ्नुहोस् :

| | |
|---|---|
| जन्मनु | मर्नु |
| मूर्ख | विद्वान् |
| सेतो | कालो |
| दायाँ | बायाँ |
| वर | पर |
| बस्नु | उठ्नु |
| जानु | आउनु |
| सुन्दर | कुरूप |
| प्रश्न | उत्तर |
| तातो | चिसो |

| | |
|---|---|
| असल | खराब |
| भलो | कुभलो |
| अघि | पछि |
| दिन | रात |
| फेद | टुप्पो |
| टाढा | नजिक |
| अमृत | विष |
| नाफा | नोक्सान |
| असल | खराब |



## अभ्यास

### १. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| तल | उत्तर |
| राम्रो | रुनु |
| प्रश्न | धनी |
| हाँस्नु | नराम्रो |
| गरिब | सहर |
| गाउँ | माथि |

## २. तल दिएका शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् :

अघि : ______ अग्लो : ______

दिन : ______ टाढा : ______

सेता : ______ अमृत : ______

सुख : ______ सज्जन : ______

नयाँ : ______ जीवन : ______

## ३. उपयुक्त विपरीतार्थक शब्द छानी वाक्य पूरा गर्नुहोस् :

(क) जानु को विपरीतार्थक शब्द ______ हो ।

(ख) घाम को विपरीतार्थक शब्द ______ हो ।

(ग) दिन को विपरीतार्थक शब्द ______ हो ।

(घ) दायाँ को विपरीतार्थक शब्द ______ हो ।

(ङ) अघि को विपरीतार्थक शब्द ______ हो ।

(च) तातो को विपरीतार्थक शब्द ______ हो ।

(छ) शत्रु को विपरीतार्थक शब्द ______ हो ।

(ज) बस्नु को विपरीतार्थक शब्द ______ हो ।

## ४. तल दिएको कुन ताल हो ? पत्ता लगाउनुहोस् :



## अनुकरणात्मक शब्द

**१. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :**



दनदनी



मुसुमुसु



धुरुधुरु



टहटह



फटाफट



लहलह



ढकमक्क



घटघटी



झुलुक्क



खचाखच



टलक्क



ढपक्क

कुनै पनि आवाज अथवा दृश्यको नक्कल गर्ने शब्दलाई **अनुकरणत्मक शब्द** भनिन्छ ।

२. **तलका अनुकरणात्मक शब्द पढ्नुहोस् अनि बुझ्नुहोस् :**

गुनगुन (कुरा गर्नु)
प्याट्ट (पिट्नु)
लुगलुग (काम्नु)
सिर्सिर (हावा चल्नु)
मख्ख (पर्नु)
टपक्क (टिप्नु)
निथ्रुक्क (भिज्नु)

लचक्क (नुहुनु)
सुटुक्क (भाग्नु)
झमझम (वर्षा हुनु)
लटरम्म (फुल्नु)
टुप्लुक्क (आइपुग्नु)
भकभक (उमाल्नु)
फुत्त ( निस्कनु)

## अभ्यास

१. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| फटाफट | उठ्नु |
| मुसुक्क | फुल्नु |
| जुरुक्क | हाँस्नु |
| प्याट्ट | भरिनु |
| जुरुक्क | पिट्नु |
| ढकमक्क | हिँड्नु |
| खचाखच | उठ्नु |

२. **तलका अनुकरणात्मक शब्द छानी वाक्य बनाउनुहोस् :**

दनदनी : ____________________

सुटुक्क : ____________________

गुनगुन : ____________________

पिटिक्क : ____________________

हलक्क :

लहलह :

भुर्र :

## अनेकार्थक शब्द

**१. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :**




चिठी

**पत्र**



पाना



कम्मरमा बाँध्ने

**पेटी**




घरको पेटी



अङ्गार

**गोल**



गोलाकार



समय

**बेला**




पानीको भाँडो

अवस्थाअनुसार फरक–फरक अर्थ बुझाउने शब्दलाई अनेक( ार्थक शब्द भनिन्छ ।

**२. तल दिएका अनेकार्थक शब्द पढ्नुहोस् अनि बुझ्नुहोस् :**

- ताल
  - तलाउ
  - ढाँचा
  - सुर
- साल
  - एक प्रकारको रूख
  - वर्ष
- हार
  - पराजय
  - माला
  - पङ्क्ति
- साँचो
  - ताल्चा खोल्ने साधन
  - सत्य
- खोटो
  - काम नलाग्ने
  - चोप



## अभ्यास

**१. तल दिएका शब्दको अनेकार्थक अर्थ लेख्नुहोस् :**

कल ______________ ______________

काल ______________ ______________

साल ______________ ______________

हार ______________ ______________

फल ______________ ______________

पेटी ______________ ______________

पत्र ______________ ______________

**२. खाली ठाउँमा उपयुक्त शब्द भर्नुहोस् :**

(क) __________ अनेकार्थक शब्द हो । (साल, नाल, चाल)

(ख) __________ अनेकार्थक शब्द हो । (ताल, बाल, चढ)

(ग) __________ अनेकार्थक शब्द हो । (पत्र, नत्र, चर)

(घ) __________ अनेकार्थक शब्द हो । (बेला, मेला, चाल)

(ङ) __________ अनेकार्थक शब्द हो । (तान, सान, जान)

## श्रुतिसमभिन्नार्थक शब्द

### १. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :




सीता – सिता





हाट – हात






महिना – मैना






टोप – तोप





नारी – नाडी





विष – बीस



सुन्दा उस्तै सुनिने तर अर्थ भिन्न हुने शब्दलाई श्रुतिसमभिन्नार्थक शब्द भनिन्छ ।

**२. तल दिएका श्रुतिसमभिन्नार्थक शब्द पढ्नुहोस् अनि बुझ्नुहोस् :**

चिर – लामो
चीर – लुगा

कूल – जम्मा
कुल – वंश

नव – नयाँ
नभ – आकाश

फेरि – पुन
फेरी – परिक्रमा

सुन – सुन्ने काम गर
सुन – स्वर्ण

बेस – राम्रा
भेष – पहिरन

यति – मात्रा
यती – हिममानव

महिना – ३० दिन
मैना – चरो

हाट – बजार
हात – कर

मोटी – मोटाएकी स्त्री
मोती – रत्न



## अभ्यास

**१. तल दिएका श्रुतिसमभिन्नार्थक शब्दको अर्थ लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| सीता | ________ | टोप | ________ |
| सिता | ________ | तोप | ________ |
| खट | ________ | महिना | ________ |
| खत | ________ | मैना | ________ |
| विष | ________ | नाडी | ________ |
| बीस | ________ | नारी | ________ |
| तिर | ________ | कूल | ________ |
| तीर | ________ | कुल | ________ |

**२. कोष्ठकबाट मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् :**

(क) ________ श्रुतिसमभिन्नार्थक शब्द हुन् ।
(पात–पत्र, कोस–कोष, चाबी–चाबो)

(ख) ________ श्रुतिसमभिन्नार्थक शब्द हुन् ।
(हिरा–जिरा, सुन–जुन, खाट–खात)

(ग) ________ श्रुतिसमभिन्नार्थक शब्द हुन् ।
(किरा–हिरा, बाला–पाला, खट–खत)

(घ) ________ श्रुतिसमभिन्नार्थक शब्द हुन् ।
(कूल–कुल, बाल–चाल, ताजा–खाजा)

(ङ) ________ श्रुतिसमभिन्नार्थक शब्द हुन् ।
(जाली–नाली, खाली–नाली, महिना–मैना)

## लघुतावाची शब्द


**१. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :**


डालो


डाली



गाग्रो



गाग्री


थाल


थाली


चुरा


चुरी


घण्टा


घण्टी

कुनै वस्तुको सानो रूप अथवा आकार बुझाउने शब्दलाई लघुतावाची शब्द भनिन्छ ।

२. तल दिएका लघुतावाची शब्द पढ्नुहोस् अनि बुझ्नुहोस् :

| | |
|---|---|
| पुस्तक – पुस्तिका | अनार – दानो |
| बटुको – बटुका | रोटी – टुक्रो |
| लौरो – लौरी | चम्चा – चम्ची |
| गेडा – गेडी | किरो – किरी |
| खेत – सुर्को | झोला – झोली |
| तेल – थोपो | पटुका – पटुकी |
| दाउरा – छेस्को | घाम – झुल्को |
| चरो – चरी | पानी – थोपो |
| खाट – खटिया | तोरी – गेडो |



## अभ्यास

१. तल दिएका शब्दहरूको लघुतावाची शब्द लेख्नुहोस् :

गाग्रो ______ खाट ______

डालो ______ कचौरो ______

किरो ______ केरा ______

दाउरा ______ मासु ______

झोला ______ चुरा ______

तोरी ______ अनार ______

भात ______ चरो ______

एकाइ १९

# गाउँखाने कथा

## १. तल दिएका चित्र हेर्नुहोस् अनि पढ्नुहोस् :



एउटा बूढाको सयौँ आँखा,
देख्दाखेरि बिहानै चनाखा, के हो ?




एउटी आमा एकपल्ट ब्याउने,
ब्यापछि बाँच्नै नपाउने, के हो ?



उड्छ चरो होइन,
पुच्छर छ जनावर होइन, के हो ?



पोकाभित्र पोटिला दाना,
उधारेर हेर्दा मिठो खाना, के हो ?



पखेटा भएको उड्ने घर,
मानिस पर्छन् त्यसको भर, के हो ?



पखेटा छैन आकाशमा उड्छ,
बतास आए परपर भाग्छ, के हो ?

माथिको चित्रसँगै आएका वाक्यहरू गाउँखाने कथा हुन् ।

२. **तलका गाउँखाने कथा पढ्नुहोस् अनि बुझ्नुहोस् :**

(क) अक्षर छ किताब होइन, गोलो छ इनार होइन, संसार डुल्छ खुट्टा छैन, के हो ? – पैसा (सिक्का)

(ख) अँजुलीभरि सुनका मुद्रा, के हो ? – आकासका तारा

(ग) आकाशमा तारा धर्तीमा आए, धर्तीमा आउँदा मौरी रमाए, के हो ? – तोरी

(घ) उड्छ उफ्रन्छ पर्दैन पेट्रोल हाल्न, दुई खुट्टा छन् जान्दैन पाइला चाल्न,के हो ? – भँगेरो

(ङ) आउँछ जान्छ पर्खदैन, कहिले पनि फर्कदैन, के हो ? – समय

(छ) काठको पर्खाल सिसाको द्वार, नबोली हेर्छन् लगातार, के हो ? – तस्विर

(ज) खान जाँदा दुब्लो, खाएर आउँदा मोटो, के हो ? – पुरी पकाएको

(झ) घर मेरो छैन वनमा चहार्छु, बच्चा काढ्न पर्दा फुल अन्न सार्छु, के हो ?– कोइली

(ञ) पक्कै छ, नजिकै छ, छाम्दा छैन, समात्न सकिँदैन, के हो ? – छायाँ

(ट) एक भाइका चार खुट्टा, के हो ? – खाट



## अभ्यास

१. **तल दिएको गाउँखाने कथा पढ्नुहोस् अनि तिनको उत्तर दिनुहोस् :**

(क) ठुलो वनको माझमा एउटा मात्र अग्लो रूख, के हो ?

(ख) ढोका भने एउटै कोठा भने पाँच, चाहिन्छ जाडो याममा समयमै साँच, के हो ?

(ग) वनतिर जाँदा घरतिर मुख घरतिर जाँदा वनतिर मुख, के हो ?

(घ) दिनभरि उठ्ने रातभरि सुत्ने, के हो ?

(ङ) धार्नी न बिसौली दुई हातले उचाली, के हो ?

(च) जति जति मासु खान्छ, उति उति खिनौटे, के हो ?

(छ) हुँदा पोल्ने खाँदा पोस्ने, के हो ?

(ज) छाला ताछे दाँत पलाउने, के हो ?

(झ) चरा होइन उड्छ, बत्ती होइन बल्छ, के हो ?

(ञ) बाहिर छाला भित्र बोसो बोसोभित्र काठको ठोसो, के हो ?

| | | | | |
|---|---|---|---|---|
| *(क) टुपी* | *(ख) पन्जा* | *(ग) दाम्लो* | *(घ) बन्चरो* | *(ङ) टोपी* |
| *(च) अचानु* | *(छ) सिस्नु* | *(ज) सिसाकलम* | *(झ) जुनकिरी* | *(ञ) लप्सी* |

## २. तल दिएको कुन चित्र कुन गाउँको हो ? पत्ता लगाउनुहोस् ।



एकाइ २०

# बोध तथा अभिव्यक्ति

## (क) बोध



झमकलाई भाइबहिनीले झैँ कागजमा पेन्सिल अथवा कलमले लेख्न मन लाग्थ्यो तर उनलाई कसले कागज र पेन्सिल दिन्थ्यो र ? अन्ततः जहाँ इच्छा, त्यहाँ उपाय भने झैँ उनले लेख्ने साधन आफ्नै प्रयासले फेला पारिन् । रातभर घाँसमा परेको शीत बिहान कचौरामा बटुलेर यसमा गोडाको बुढी औंला चोपी ढुङ्गामा लेख्न थालिन् । यसो गर्दा गोडाको औँला ढुङ्गामा घोटिएर छरछर्ती रगत बग्थ्यो । उनी यसको परवाह गर्दिनथिन् । उनलाई लेखेको अरूलाई देखाउनु थियो । यसरी लेखेका अक्षर उनले बहिनी र अरूलाई पनि देखाइन् । दिदीको प्रयासमा बहिनी मीनाले

पनि पुराना कापी र पेन्सिल सुटुक्क दिएर बल पुऱ्याउन थालिन् । त्यसपछि उनी गोडाको बूढी औँला र चोर औँलाले पेन्सिल च्यापेर कापीमा अक्षर लेख्न थालिन् । आफैँले लेखेको कुरा अरूलाई देखाउन सफल भइन् । यसरी आफैँ शिक्षक र आफैँ विद्यार्थी भई अक्षर चिन्ने र लेख्ने काममा उनी सफल भइन् । उनले आफ्नो बहुचर्चित पुस्तक 'जीवन काँडा कि फूल' मा यसको वर्णन गरेकी छिन् ।

## प्रश्न र उत्तर

**(क) झमकलाई के गर्न मन लाग्थ्यो ?**

झमकलाई बहिनीले जसरी नै कागजमा पेन्सिलले लेख्न मन लाग्थ्यो ।

**(ख) झमकले कसरी लेख्न थालिन् ?**

झमकले कचौरामा शीत बटुलेर त्यसैमा खुट्टाका औँला चोपेर ढुङ्गामा लेख्न थालिन् ।

**(ग) झमक केको परवाह गर्दिनथिन् ?**

झमक गोडाका औँला ढुङ्गामा घोटिएर छरछर्ती रगत बग्दा पनि परवाह गर्दिनथिन् ।

**(घ) झमकले कुन अङ्गले पेन्सिल च्यापेर लेख्न लागिन् ?**

झमकले गोडाको बूढी औँला र चोर औँलाले पेन्सिल च्यापेर लेख्न थालिन् ।

**(ङ) झमकले 'जीवन काँडा कि फूल' मा कुन कुराको वर्णन गरेकी छिन् ?**

झमकले 'जीवन काँडा कि फूल' मा आफूले अक्षर चिनेको तथा लेख्न थालेको कुरा वर्णन गरेकी छिन् ।

## (ख) अभिव्यक्ति

### कथा लेखन

# जस्तो कर्म उस्तै मर्म

एकादेशमा एउटा गाउँ थियो । त्यो गाउँ अति नै सुन्दर थियो । हरिया पहाडको काखमा बसेको त्यो गाउँको सुन्दरताको वर्णन गरेर कोही पनि थाक्दैनथ्यो । चाँदीका थुप्रो जस्तै देखिने हिमालहरूले त्यस गाउँको सुन्दरता अझ थपेको थियो । हरेक चिजको दुई पाटो एउटा राम्रो र अर्को नराम्रो भए जस्तै त्यस गाउँको मुखिया भने राम्रा मानिस थिएनन् ।

ती मुखिया अति नै घमण्डी थिए । मुखिया सधैँ आफ्नो धनको घमण्ड गर्दथे । उनी आफ्ना गाउँलेलाई दुःख दिने काम मात्र गर्दथे । गाउँलेहरू मुखियाको बानीबाट आजित थिए । मुखियाको बानीबाट वाक्क भएर गाउँलेहरूले उनलाई सहयोग नगर्ने निर्णय गरे ।

एक दिन मुखियाकी पत्नी बिरामी परिन् । मुखियाले गाउँलेहरूसँग आफ्नी पत्नीलाई अस्पताल लान सहयोग मागे तर गाउँलेहरूले सहयोग गरेनन् । कोही कसैले वास्तै गरेनन् । बल्ल मुखियालाई आफ्नो गल्ती महसुस भयो । त्यसपछि गाउँलेहरूले मुखियालाई सहयोग गरे ।

पात्र, चरित्र अथवा घटनामा आधारित छोटो गद्यात्मक साहित्यिक रचनालाई कथा भनिन्छ ।



## अभ्यास

१. **तल दिएका बुँदाका आधारमा छोटो कथा तयार पार्नुहोस् ।**

एउटा जङ्गलमा कछुवा र खरायो ________ खरायोलाई दौडन सक्छु भन्ने घमन्ड ________ कछुवालाई आफूलाई दौड प्रतियोगितामा सहभागी हुन कर गर्नु ________ कछुवाले खरायोको कुरा मान्नु ________ दुवैका प्रतियोगिता ________ खरायो दौडेर अगाडि पुग्नु ________ कछुवालाई धेरै पछाडि देखेर एकछिन सुस्ताउनु ________ निदाउनु ________ कछुवा आफ्नै गतिमा हिँडिरहनु ________ कछुवाले जित्नु ________ निरन्तर काममा लाग्नाले सफलता मिल्ने सन्देश

२. **तल दिएका बुँदाका आधारमा छोटो कथा तयार पार्नुहोस् ।**

एउटा चकचके केटो ________ कसैले भनेको नटेर्ने ________ टाढाटाढा खेल्न जाने ________ जनावरहरूलाई जिस्क्याउने ________ एकदिन आमासित पशुपति गएको ________ बाँदरलाई जिस्क्याएको ________ बाँदरले लखेटेको ________ आज्ञा पालन नगरे दुःख पाइने ।

## संवाद लेखन

(पञ्चकन्या माध्यमिक विद्यालयका विद्यार्थीहरू सुजता, कपिल र लखनले पुस्तकालयका बारेमा गरेको कुराकानी)

सुजता : अहो ! कपिल र लखन तिमीहरू के मा व्यस्त छौ हँ ?

कपिल : के हुनु र ! सुजाता यहाँ हाम्रा पुस्तकालय प्रेमीहरूको गफ सुनेर बसेको नि !

सुजता : यिनीहरूले के कुरा गर्दैछन् त कपिल ?

लखन : (कपिललाई रोक्दै) सुन न सुजता कपित त पुस्तकालय आउनु भनेको त कामचोरहरूले मात्रै हो भन्छ भन्या ।

सुजता : पुस्तकालय भनेको त पुस्तकहरूको घर हो, ज्ञानको भण्डार हो अनि मनोरञ्जनको आधार हो कि कसो कपिल ।


लखन : सुजाता तिमीले ठिक भन्यौ । त्यस्तै पुस्तकालय सन्दर्भ सामग्री पाइने र समयको सदुपयोग गर्ने ठाउँ पनि हो ।

सुजाता : पुस्तकालय ज्ञानको अभ्यास गर्ने र ज्ञानको महत्त्व स्थापित गर्ने सङ्ग्रहालय पनि त हो नि !

कपिल : (बुझेझैँ गरेर) साथी हो तिमीहरूका कुरा सुनेर मेरो विचार पनि परिवर्तन भयो । मलाई माफ गर है ।

लखन : दुःख नमान कपिल, मानिसले गल्ती महसुस गर्नु र गल्ती नदोहोऱ्याउनु नै बुद्धिमानी हो ।

*(त्यत्तिकैमा घन्टी बज्छ, उनीहरू कक्षा कोठातिर लाग्छन्)*



## अभ्यास

**'अनुशासन' शीर्षकमा एउटा संवाद तयार पार्नुहोस् ।**

## निवेदन/चिठी लेखन

### प्रधानाध्यापकलाई निवेदन

मिति : २०८०/०१/०३

श्रीमान् प्रधानाध्यापकज्यू,
श्री कन्या माध्यमिक विद्यालय
यटखा, काठमाडौँ ।


विषय : **हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्ने बारे ।**

महोदय,


हामी कक्षा ३ का सम्पूर्ण विद्यार्थीहरू या निवेदन गर्दछौँ कि आगामी असार २५ गते भानु जयन्तीका अवसरमा जिल्लास्तरीय हाजिरी जवाफ प्रतियोगिता हुने हुँद ा सोको तयारीका लागि अभ्यासहरू गर्न केही उपयोगी सामान्य ज्ञान लगायतका सन्दर्भ पुस्तकहरू उपलब्ध गराई विद्यालयमा नै चरणगत हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्ने व्यवस्था मिलाइदिनुहुन हार्दिक अनुरोध गर्दछौँ ।

निवेदक
आज्ञा पाण्डे
कक्षा – ३

## खामको नमुना




कार्यालय अथवा संस्थामा कुनै काम गरिदिनका लागि अनुरोध गरेर लेखिने चिठीलाई निवेदन भनिन्छ ।



## अभ्यास


१. शैक्षिक भ्रमण लैजान अनुरोध गर्दै प्रधानाध्यापकलाई एउटा निवेदन लेख्नुहोस् ।

२. बिरामी बिदा मिलाइदिन अनुरोध गर्दै प्रधानाध्यापकलाई एउटा निवेदन लेख्नुहोस् ।

## अनुच्छेद लेखन

### गाई

मलाई मनपर्ने जनावरको नाम गाई हो । गाई हाम्रो देश नेपालको राष्ट्रिय जनावर हो । गाईलाई लक्ष्मीको रूपमा पूजा गरिन्छ । गाई घर पालुवा सोझो जनावर हो । गाईको धेरै उपयोगिता छ । गाईले हामीलाई दूध दिन्छ । गाईको दूध असाध्यै पोसिलो खानेकुरा हो । बालक, वृद्ध, युवा तथा बिरामी मानिसहरूका लागि गाईको दूध अति आवश्यक हुन्छ । गाईको गोबर तथा मलमूत्रबाट प्राङ्गारिक मल बन्दछ । प्राङ्गारिक मल खेतीपातीका लागि अति आवश्यक हुन्छ । गाईहरू विभिन्न रङका हुन्छन् । यसका चारओटा खुट्टा, दुई कान, सिंङ र आँखाहरू हुन्छन् । गाईलाई उपयोगी जनावर मानिन्छ ।



वाक्य, वाक्य मिलेर बनेको अनुच्छेदमा कुनै पनि विषयका बारेमा सिलसिला मिलाएर वर्णन गरिएको हुन्छ ।

## अभ्यास

१. तल दिएका बुँदाहरूका आधारमा एउटा अनुच्छेद लेख्नुहोस् :

कविको नाम :

कविको जन्म जन्मस्थान :

कविका केही कविताहरू :

मन पर्नुको कारण :

सम्मान, पुरस्कारहरू :

## कविता लेखन

### असल साथी

सधैँ मलाई माया गर्ने कस्तो मेरो मित्र
साथी बनी माया गर्छु उसको मनभित्र ।
सपनामा खेलेको देख्छु मैले राति
जे परे नि सहयोग गर्ने कस्तो असल साथी ॥

कुनै गल्ती काम गरे भन्छ समाऊ कान
असल मित्र पाएर गर्छु मैले मान ।
विद्यालयमा असल व्यवहार सबैभन्दा माथि
सधैँभरि खुसी हुन्छ मेरो प्यारो साथी ॥



## अभ्यास

**तिमीलाई मनपर्ने कुनै एक शीर्षकमा एउटा कविता लेख्नुहोस् ।**